महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## महावै गाउँपालिका, कालिकोट

## ८०६६५५०५३००

## महावै गाउँपालिका , कालिकोट

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**

**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-१७

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
महावै गाउँपालिका, कालिकोट ,
महावै गाउँपालिका , कालिकोट

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व / धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखा उत्तरदायी अधिकृत । कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

मुकुन्द घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार काठमाडौँ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
कालीकोट ।, kalikot.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३२२.८०७ वर्ग किलोमिटर क्षेत्रफल तथा ८३२३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र:-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदन समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु ३९०१० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र स | शिर्षक रकम | रकम |
|---|---|---|
| १ | कर्मचारीको पारिश्रमिक कर | ३५२१० |
| २ | राजकुमार शाहिलाई बढी भुक्तानी | ३८०० |
| | जम्मा | ३९०१० |

२ **प्राप्ति तथा भुक्तानी**

म ले प फा नं २७० अनुसार पालिकाको २०८०।८१ को प्राप्ति तथा भुक्तानी देहाय अनुसार रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ५,८५,४८,४१५.०० | ५,८५,४८,४१५.०० | (४,५९,३६,८९३.१२) | (४,५९,३६,८९३.१२) |
| १३००० | अनुदान | २३,४५,५५,०३६.०० | २३,४५,५५,०३६.०० | २४,८६,१५,५००.०० | २४,८६,१५,५००.०० |
| १४००० | अन्य राजस्व | १,४६,९५१.०० | १,४६,९५१.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | २९,३२,५०,४०२.०० | २९,३२,५०,४०२.०० | २०,२६,७८,६०६.८८ | २०,२६,७८,६०६.८८ |
| ३ | चालु | २१,५०,२१,७४८.०० | २१,५०,२१,७४८.०० | २१,१५,८३,५०४.०० | २१,१५,८३,५०४.०० |
| २१००० | पारिश्रमिक / सुविधा | २,७३,१३,४६०.०० | २,७३,१३,४६०.०० | ८,७२,३८,७९४.०० | ८,७२,३८,७९४.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,६३,४९,३६०.०० | ६,६३,४९,३६०.०० | ८,३५,३६,५८९.०० | ८,३५,३६,५८९.०० |
| २५००० | सहायता (Subsidy) | ० | ० | ३४,७४,४४७.०० | ३४,७४,४४७.०० |
| २६००० | अनुदान | ११,२७,११,५८२.०० | ११,२७,११,५८२.०० | २,१२,६७,९४१.०० | २,१२,६७,९४१.०० |
| २७००० | सामाजिक सुरक्षा | ० | ० | १,३६,१९,७३०.०० | १,३६,१९,७३०.०० |
| २८००० | अन्य खर्च | ८६,४७,३४६.०० | ८६,४७,३४६.०० | २४,४६,००३.०० | २४,४६,००३.०० |
| ४ | पूंजीगत | ६,३३,१८,१७३.०० | ६,३३,१८,१७३.०० | ७,७५,०८,२६९.०० | ७,७५,०८,२६९.०० |
| ३१११० | भवन तथा संरचना | ० | ० | २१,००,०००.०० | २१,००,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २२,३९,९३८.०० | २२,३९,९३८.०० | ४४,४४,४६७.०० | ४४,४४,४६७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १५,००,०००.०० | १५,००,०००.०० | ३२,२०,०००.०० | ३२,२०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ५,९३,७८,२३५.०० | ५,९३,७८,२३५.०० | ५,५८,७८,४३०.०० | ५,५८,७८,४३०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | २,००,०००.०० | २,००,०००.०० | १,१८,६५,३७२.०० | १,१८,६५,३७२.०० |
| ५ | वित्तीय | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | २७,८३,३९,९२१.०० | २७,८३,३९,९२१.०० | २८,९०,९१,७७३.०० | २८,९०,९१,७७३.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | १,४९,१०,४८१.०० | १,४९,१०,४८१.०० | (८,६४,१३,१६६.१२) | (८,६४,१३,१६६.१२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | (१,८०,०००.००) | (१,८०,०००.००) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (२०,३३,९३२.००) | (२०,३३,९३२.००) | (३३,५६,९४०.२८) | (३३,५६,९४०.२८) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | १,४९,१०,४८१.०० | १,४९,१०,४८१.०० | (८,६५,९३,१६६.१२) | (८,६५,९३,१६६.१२) |

| | | | | | |
|---|---|---|---|---|---|
| | (बचत /(कमी)) ( ङ = ग+घ) | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | | १०,६८,४७,६३६.२२ | १०,६८,४७,६३६.२२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १,४९,१०,४८१.०० | १,४९,१०,४८१.०० | २,०२,५४,४७०.१० | २,०२,५४,४७०.१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण विश्लेषण**

३.१ **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRAमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रु ५३६३३८७२।SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३.२ **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु २,०२,५४,४७०.१० रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु ० सारेको देखियो । विगतको जिम्मेवारी सुत्रमा उल्लेख नगरेबाट कारोबारको यथार्थता एकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले कारण पहिचान गरी कारोबारको यथार्थता एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३.३ **दाखिला गर्न बाँकी राजस्व**- म ले प फा नं २७० मा कट्टी राजस्व दाखिला गर्न बाँकी देखाएको रु (२०,३३,९३२.००) लेखापरीक्षण अवधिसम्म दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३३,९३२ |

३.४ **बैक हिसाब मिलान** – स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको म ले प फा नँ २७२ अनुसार बैक हिसाब र श्रेस्ता अनुसारको हिसाब विवरण देहाय बमोजिम रहेको छन।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष खाता | 6474103 | 1559575.58 | 4914527 |
| २ | आन्तरिक राजश्व खाता | 199593 | 512227.8 | -312635 |
| ३ | बांडफांड बाट प्राप्त राजश्व खाता | 0 | 0.3 | -0.3 |
| ४ | आन्तरिक अनुदान खाता | 2500000 | 0 | 2500000 |
| ५ | चालु खर्च खाता | 0 | 27316 | -27316 |
| ६ | पुजीगत खर्च खाता | 317867 | 326209 | -8342 |
| ७ | धरौटी | 0 | 0 | 0 |
| ८ | विविध खर्च खाता | 0 | 380999.98 | -381000 |
| | **जम्मा** | 9491563 | 2806328.66 | 6685234 |

श्रेस्ता र बैक अनुसार मौज्दात फरक पर्नुको कारण बिश्लेषण गरी रिकन्साइल गर्नुपर्दछ सुत्र सफ्टवेयरमा देखाएको भन्दा बर्षान्तिमा बैक मौज्दात घटी देखिएको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,८५,२३४ |

३.५ **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।संघीय सशर्ततर्फ पूँजीगततर्फ रु ३१७८६७। समेत रु ४१२७७९१।बर्षान्तमा फिर्ता गरेको छैन । देहाय अनुसारको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १५४०२००१ | १५०८४१३४ | ३१७८६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१७,८६७ |

३.६ **आर्थिक कारोबारको लेखाङ्कनः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार

मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८०।३।१० गते रु.३१ करोड ७० लाख २५ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०४।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.२ **गत आ.व.को भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम तोकिएका खर्च शीर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार पारी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ ।त्यसैगरी यदि उक्त खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोरिन भए आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकीको विवरण प्रमाणित गराई गाउँसभाबाट बजेट स्वीकृत गराई खर्च लेख्नु पर्दछ। पालिकाले, विगतको दाखिला गर्न बाँकी कर दायित्व तथा सशर्त अनुदान फिर्ता बाँकी र चालू प्रकृतिको दायित्वहरु रु २४६१०९६५। उल्लेख गरी बजेट विनियोजन गरेको छ ।

| क्र स | कार्यक्रमको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | गत वर्षको कर दाखिला बाँकी | ९६५३५० |
| २ | गत वर्षको प्रदेश सशर्त अनुदान फिर्ता | १६०१८१८ |
| ३ | गत वर्षको संघीय सशर्त अनुदान फिर्ता | २१२६३५० |
| ४ | गत वर्षको सामाजिक सुरक्षा फिर्ता | ११२७२२४ |
| ५ | गतवर्षको चालु कार्यक्रम खर्च | १८७९०२२३ |
| जम्मा | | २४६१०९६५ |

विनियोजन कुशलताको अभाव तथा बजेट सिमाभित्र रही खर्च नगर्ने परिपाटीले बजेटमा चाप पर्ने र दीर्घकालिन लाभ तथा दिगो प्रकृतिका विकासका कार्य सञ्चालन नभई अपेक्षित लाभ समुदायले प्राप्त गर्ने स्थिति रहँदैन । यसमा सुधार हुनुपर्द्छ ।

सैद्धान्तिक बेरुजु

४.३ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ ।

| पूँजीगत खर्च | कुल खर्च | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक |
| | ६३३१८१७३ | ० | १५०७८८४० | ११७८३४२० | ३६४५५९१३ |
| खर्च प्रतिशत | १०० | ० | २३.८१ | १८.६१ | ५७.५८ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम त्रैमासिकगतरुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ५७.५८ प्रतिशत गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.४ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १५३१७००० | ९६३६७१७ | ३.४६ |
| सामाजिक क्षेत्र | १४४३५४२४२ | १२८८८५७९१ | ४६.२९ |
| पूर्वाधार विकास क्षेत्र | ५६६६५५६५ | ५१०३४५९३ | १८.३४ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ९००००० | ८९९८२० | ०.३२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९९७८८८३५ | ८७९१३००० | ३१.५८ |
| जम्मा | ३१७०२५६४२ | २७८३६९९२१ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ३.४६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४६.२९ प्रतिशत, पूर्वाधारतर्फ १८.३४ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ०.३२ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ३१.५८ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ३.४६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।एवँ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको ३१.५८ प्रतिशत गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ

सैद्धान्तिक बेरुजु

४.५ **खर्च बिश्लेषण**– पालिकाले यसबर्ष पालिकाले संघीय सरकारबाट रु २०७१३७८९९। प्रदेश सरकारबाट रु २९४११५४२। र अन्य आय समेत रु २९५२४४८०७। आम्दानी भएकोमा चालु तर्फ रु २१५०२१७४८। र पूँजिगत तर्फ रु ६३३१८१७३।तर्फ समेत रु २७८३६९९२१। खर्च भएको छ। यसबर्ष पदाधिकारी सुविधामा रु ९६०१२०५। खर्च भएको छ जुन यो बर्षको आन्तरिक आय रु ५१९३२३। को तुलनामा १९ गुणा भन्दा बढी हुन आउँछ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.२६ प्रतिशत चालु र २२.७४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यो वर्ष कार्य सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु ८७९१३०००। खर्च गरेको छ जुन वार्षिक खर्चको ३१.५८ प्रतिशत हुन जान्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष (विगतको भुक्तानी बाँकी समेत) उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका योजनाहरु देहायअनुसार छन्:

| सि.न. | विवरण | योजना संख्या | जम्मा रकम |
|---|---|---|---|
| १ | रु एक लाखभन्दा कमका योजनाहरु | ४ | २००००० |
| २ | रु एक लाख देखी पाँच लाख सम्मका योजनाहरु | ३८ | ८९८८००० |
| ३ | रु पाँच लाख देखी दशलाख सम्मको योजनाहरु | १९ | १४८०२२२४ |
| ४ | दश लाख देखी पचास लाखसम्मका योजनाहरु | २२ | ४१३६०३४१ |
| ५ | पचास लाख भन्दा माथिका योजनाहरु | २ | १२५००००० |
| जम्मा | | | ७७८६६५६ |

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली**

५.१ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वियन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था देखिँदैन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि ऐन २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने जस्त कार्यहरु भएको पाइएन । पालिकाको जिन्सी र भण्डार शाखामा रहेको एकिकृत मौज्दातको विवरण पेश गरेको छैन । कार्यालयले गत विगत बर्षको मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा उक्त सफ्टवेयरको प्रयोग गरेको पाइएन । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन ।गाउँपालिका तथा वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी Public Asset Management System (PAMS) मा प्रविष्टी गरी जिन्सी मौज्दातको विवरण तयार गरी पेश गर्नुपर्दछ । पालिकाको स्वामित्वमा रहेका सबै खप्ने तथा नखप्ने समानहरुको एकिकृत अभिलेख तयार गरेको देखिएन । बर्षैपिच्छे जिन्सी खाताहरु तयार गर्ने गरेको कारण जिन्सी समानहरुको संरक्षण र उपयोग सहि तरिकाले भएको छ भनी आश्वस्त हुन सकिएन । जिन्सी निरिक्षण प्रतिवेदन नहुदा पालिकाको जिन्सी सम्पत्ती कति र कुन अवस्थामा छ एकिन गर्न सकिएन । तसर्थ जिन्सी व्यवस्थापनमा संलग्नलाई कानून बमोजिम जिम्मेवार बनाई सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **आयोजना बैंक** - राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपम सँभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वियनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **समितिको क्रियाशिलता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ मा सभाको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था छ । जस अन्तर्गत दफा २२ मा सभाले आफ्नो कार्यप्रणाली व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको सँयोजकत्वमा लेखा समिति विधायन समित सुशासन समिति लगायत आवश्यक्ता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने उल्लेख छ । यस पालिका केहि समिति गठन गरेतापनि सो समिति क्रियाशिल नरहेको एवँ लेखा समिति विधायन समित सुशासन समिति हरु गठन भएको पाइएन । यसरी तोकिएको समितिहरु गठन नगर्ने र गठन भएका समितिहरुको पनि बैठक समेत बसेको देखिएन। गाउँसभाले यस सम्बन्धी नियमावली बनाई समितिहरु क्रियाशिल बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **इन्धन खर्चको मापदण्ड** -सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धनमा रु २२८३२९१। खर्च गरेको छ। पालिकामा रहेका दुई पाग्रैं र चार पाँग्रे सवारी साधनलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा कुनै नर्म्स तथा मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । ।इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुकको आधारमा मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| क्र सं | गो भौनं र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २७।२०८०।७।१ | अंकित जनरलस्टोर | १५३६०० |
| २ | ४३।२०८०।७।२ | मस्टामाण्डु पेट्रोल पम्प | ३३७०५५ |
| ३ | ४४।२०८०।७।२ | अंकित जनरलस्टोर | ३५२००० |
| ४ | ७३।२०८०।७।२ | खेम बहादुर सिंह | १००००० |
| ५ | ७४।२०८०।७।२ | नमराज मल्ल | १००००० |
| ६ | ४६४।२०८१।३।२४ | लक्ष्मीआयल स्टोर | ७४०० |
| ७ | १७८।१०।१६ | अंकित जनरल स्टोर | ४९०५९४ |
| ८ | २१२।१२।०६ | श्री लिङ्गला शैनी | २८८०० |
| ९ | २१३।१२।०६ | अंकित जनरलस्टोरस | ५०००० |
| १० | २१८।१२।६ | श्री मस्टामाण्डु पेट्रोल पम्प | ५०००० |
| ११ | २७७।१।९ | दिपक खत्री | ५०००० |
| १२ | ३४५।३।१७ | श्री मस्टामाण्डु पेट्रोल पम्प | ५८१२० |
| १३ | ३४६।३।१७ | अंकित जनरल स्टोर | २३६००० |
| १४ | ३५७।३।१८ | केदारसिह | ३०९५० |
| १५ | १८५।१०१।१६ | श्रीमस्टामाण्डु पेट्रोल पम्प | १७६७३० |
| १६ | २११।१२।०६ | श्री मस्टामाण्डु पेट्रोल पम्प | ६२०४२ |
| जम्मा | | | २२८३२९१ |

साथै इन्धन खर्च लेख्दा विभिन्न व्यक्तिलाई इन्धन बापत भुक्तानी गरेको देखिन्छ । उक्त इन्धन खर्च पुष्टि हुने कार्यालयसँग सम्बन्धित कार्यक्रम नदेखिएको एवं इन्धन वितरक बाहेकका विभिन्न व्यक्तिका नाममा भुक्तानी गरेको छ । देहाय अनुसार विभिन्न व्यक्तिलाई इन्धन खर्च पुष्टाँई हुने प्रमाण लेखापरीक्षणमा पेश नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| क्र सं | गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ७३।२०८०।७।२ | खेम बहादुर सिँह | १००००० |
| २ | ७४।२०८०।७।२ | नमराज मल्ल | १००००० |
| ३ | २७७।१।९ | दिपक खत्री | ५०००० |
| ४ | ३५७।३।१८ | केदार सिँह | ३०९५० |
| जम्मा | | | २८०९५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८०,९५० |

५.६ **कन्टिन्जेन्सी खर्चः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य साना तीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु.१३९९८१७। कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ जुन यो वर्षको

पूँजीगत खर्च रु ६३३१८१७३ को २.२१ प्रतिशत हुन आउछ । कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा नियम १०(७) अनुसार अनुसुची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । पालिकाले उक्त खर्चबाट अधिकाँश स्टेशनरी पत्रिका तथा खाजा नास्ता लगायतमा खर्च गरेको छ । शिर्षकगत अभिलेख राखी कन्टिन्जेन्सी रकम सोही योजना वा सो सँग अनुषागिँक सेवामा खर्च गर्नुपर्नेमा योजनासँग सम्बन्धित कार्यमा खर्च नगरी विभिन्न प्रयोजनमा कन्टीन्जेन्सी खर्च गरेको उपयुक्त देखिएन ।देहाय बमोजिमको योजनाको भुक्तानी गर्दा कन्टीन्जेन्सीतर्फको बढी खर्च गरेको प्रदेश तर्फको रु ६३६१७। र संघीय सरकारतर्फको रु४१९०५२ समेत रु ४८२६६९।सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| **गो भौनं र मिति** | **विवरण** | **निर्माण व्यवसायीको नाम** | **कार्य सम्पन्न** | **४ प्रतिशतले हुने** | **कट्टी** | **बढी कट्टी** |
|---|---|---|---|---|---|---|
| १९।२०८१।०३।२४ प्रदेश समपुरक | सेरा कुलो निर्माण | ए एण्ड वि कन्स्ट्रकसन | १५११५४२ | ६०४६२ | १७०९२५ | ६३६१७ |
| ५८।२०८१।०३।२४ गा पा समपुरक | सेरा कुलो निर्माण | ए एण्ड वि कन्स्ट्रकसन | ११७११५० | ४६८४६ | | |
| जम्मा | | | २६८२६९२ | १०७३०८ | | |
| ३९।२०८१।०३।२४ संघीय विशेष | संगिन आ विभवन निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा | ३६९२४७२ | १४७६९९ | २२२२४६ | ७४५४७ |
| ४१।२०८१।०३।२४ संघीय समपुरक | घट्टे घाटगेला हलाने हुँदै पाम्रघाट सडक निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा | १५९८२८५ | ६३९३१ | ४०८४३६ | ३४४५०५ |
| **कुल जम्मा** | | | **७९७३४४९** | ४२६२४६ | ८०१६०७ | ४८२६६९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८२,६६९ |

५.७ **नर्म्सको प्रयोग**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा सम्बन्धित कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक विभागको स्वीकृत नर्म्स प्रयोग गर्नुपर्नेमा फरक नर्म्स प्रयोग गरेबाट निर्माणको खर्चमा थप व्ययभार परेको देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएता पनि पालिका तर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.९ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको ३ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष १ मुद्दा थप भई १ मुद्दा फर्स्यौट भएकोमा ३ मुद्दा बाँकी रहेको छ । पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ६ सवारी साधन

६.१ **प्रयोजन नखुल्ने सवारी साधन भाडा**-सरकारी कामको लागि सवारी साधन मेसिन औजार तथा अन्य किसिमका साधन भाडामा लिँदा अधिकार प्राप्त अधिकारीको निर्णय वा स्वीकृति लिनुपर्ने व्यवस्थाछ । तर पालिकाले अधिकार प्राप्त अधिकारीको स्वीकृति वेगर नै सवारी साधन भाडामा लिई विभिन्न स्थानमा प्रयोजन समेत उल्लेख नगरी फरक फरक दरमा सवारी साधन भाडा भुक्तानी गरेको देखिन्छ । साथै कालीकोट जिल्लाको २०८०।८१ को स्वीकृत जिल्ला दररेट अनुसार जिप स्कोर्पियको प्रति दिन पक्की सडकमा रु ६००० देखि रु ६५००। र कच्ची सडकमा रु ७०००। देखि रु ७५००। सम्म रहेको छ । तर पालिकाले उक्त दररेटभन्दा बढी दररेटमा पटक पटक एकै प्रकृतिको सेवा खरिद गर्दा सार्वजनिक खरिद कानूनको पालना भएको पाइएन ।

| गो भौ नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २२।२०८०।७।१ | मिना रावल | ४८२००० | प्रयोजन नखुल्ने गाडी भाडाको भुक्तानी |
| २६।२०८०।७।१ | दिपक परियार | २३१७५० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ४७।२०८०।७।२ | विष्ट मेडिकल हल | १७४६०० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ५१।२०८०।७।२ | जानकी रावत | ५७०००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ५६।२०८०।७।२ | अमित कुमार शाही | ७६०५० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ६२।२०८०।७।२ | उमेश धिताल | ७०००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ८२।२०८०।७।२ | विष्णु प्रसाद पाण्डे | ५४९०० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| १३०।२०८०।८।७ | दिपक परियार | २००००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| १३२।२०८०।८।१० | विमला सिँह | २००००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ४२७।२०८१।३।२३ | दिपक परियार | ३३९००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ४३३।२०८१।३।२४ | शेर सिँह शाही | १८००० | कार्यालयप्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ४४८।२०८१।३।२४ | दिपक परियार | २५०००० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| ४६०।२०८१।३।२४ | महादेव ढुवानी एण्ड रिजर्व सेवा | ५८९०० | कार्यालय प्रयोजन नखुल्ने प्रकृतिको गाडी भाडा |
| १७८।१०।१६ | उमाकान्तआचार्य | ३१४१०० | सम्झौता नभई विभिन्न मितिमा विभिन्न व्यक्ति भन्ने उल्लेख गरेको। |
| १८२।१०।१६ | खडानन्द चोलागाई | १९३५० | सम्झौता नभई विभिन्न मितिमा विभिन्न व्यक्ति भन्ने उल्लेख गरेको। |
| १९७।११।२९ | हर्क ब सिंह | १६५०० | भ्रमण विलमा उल्लेख |
| २०४।१२।६ | मनराज शाहि | १००००० | प्रयोजन नखुलाई सम्झौता नभई भुक्तानी गरेको |
| २१०।१२।०६ | हर्ष ब शाहि | ४६८०० | प्रयोजन नखुल्ने तथा सम्झौता वेगर भुक्तानी |
| २६३।१२।२८ | जानकी रावत | ११२५०० | प्रयोजन नखुल्ने तथा सम्झौता वेगर भुक्तानी |
| ३७३।३।२० | भुपेन्द्र मल्ल | ५७६०० | प्रयोजन नखुल्ने तथा सम्झौता वेगर भुक्तानी |
| ४५७।२०८१।३।२४ | विष्णु प्रसाद पाण्डे | ५२००० | प्रयोजन नखुल्ने गाडी भाडाको भुक्तानी |
| ४७५।२०८१।३।२४ | विमला सिँह | २३९००० | प्रयोजन नखुल्ने गाडी भाडाको भुक्तानी |
| जम्मा | | ३६८३०५० | |

सवारी साधन भाडामा लिँदा सम्झौता समेत कार्यालयको कामसँग सम्बन्धित विषय खुल्ने प्रमाण वेगर नै विभिन्न स्थानमा पालिकाको पदाधिकारीको भ्रमण गरेको उल्लेख गरी भाडा भुक्तानी गरेको छ । पालिकामा अध्यक्ष तथा उपाध्यक्षलाई छुट्टै गाडीको व्यवस्था भई सो बापत इन्धन तथा मर्मतमा खर्च समेत भएको देखिन्छ। भ्रमण गर्दाको बखत कार्यलयसँग सम्बन्धित र अत्यावश्यक प्रयोजन खुल्ने प्रमाण नदेखिएको एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४० को उपनियम २ बमोजिम कर्मचारी वा व्यक्तिले भ्रमणबाट आफ्नो कार्यालय वा स्थानमा फर्केको वा भ्रमण कार्य पूरा गरेको मितिले पन्ध्र दिनभित्र भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । कार्यालय प्रयोजनसँग सम्बन्धित भ्रमण बापतको खर्च भएमा सोको प्रमाण पेश गर्ने अन्यथा भ्रमणमा संलग्न पदाधिकारीबाट सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,८३,०५० |

६.२ **सवारी साधन मर्मत** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा पालिकाको के कति २ पाँग्रे र ४ पाँग्रे सवारी साधनको कति पटक मर्मत गरेको हो सो को विवरण उल्लेख नगरी म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.९६५९२२। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| गोभौ न | भुक्तानीपाउने | कार्यक्रम | भुक्तानीरकम |
|---|---|---|---|
| २३३।१२।६ | स्वर्णिम विजनेश कन्सर्न प्राली | सवारी साधन मर्मत | ४३५९२२ |
| ४६३।३।२४ | जनताग्यारेज | सवारी साधन मर्मत | १५०००० |
| २५५।१२।२६ | उषा मल्ल | सवारी साधन मर्मत | ४०००० |
| २८१।१।९ | कर्मचारीहरु | सवारी साधन मर्मत | ३४०००० |
| जम्मा | | | ९६५९२२ |

सैद्धान्तिक बेरुजु

७ **विविध खर्च**

७.१ **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाको आन्तरिक आय रु ५१९३२३। रहेकोमा खाना खाजा, होटल खर्च , गाउँसभा र विविधतर्फ रु. ५५८३४९८। खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।यस प्रकारको खर्चको केही उदाहरण

| **गो भौ नं र मिति** | **भुक्तानी प्राप्त गर्नेको नाम** | **रकम** |
|---|---|---|
| ३९।२०८०।७।२ | बुद्धिपाण्डे | २६०००० |
| ४०।२०८०।७।२ | रोनी होटल | ४७१०५८ |
| ६१।२०८०।७।२ | कमल बहादुरसिँह | ५००००० |
| ८४।२०८०।७।३ | नमूना होटल | १००००० |
| ३८५।२०८१।३।२३ | निसा एण्डनिरुता होटल | १३१६१५ |
| ३८९।२०८१।३।२३ | रोनी होटल | ३१७०८० |
| ४२५।२०८१।३।२३ | सनलाइट होटल एण्ड रेस्टुरेन्ट | ६१००० |
| ४२९।२०८१।३।२४ | मुन बहादुरसिँह | २८००० |
| ४६७।२०८१।३।२४ | निसा एण्डनिरुता होटल | ६८००० |
| २८३।१।९ | निसा एण्डनिरुता होटल | २१७००० |
| | | २१५३७५३ |

सैद्धान्तिक बेरुजु

७.२ **होटलको भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ।पालिकाले देहाय अनुसार स्थानीय पाठ्यक्रम तर्जुमा भनी सुर्खेतको स्टे होटल भ्याली प्रालिमा कार्यक्रम सञ्चालन गरेको भनी रु ५०००००। कमल बहादुर सिँहलाई भुक्तानी गरेको छ । स्थानीय पाठ्यक्रम तर्जुमा सम्बन्धमा गरेको सम्झौता लेखापरीक्षणमा पेश नगरेकोले सो खर्चको यथार्थता एकिन गर्न सकिएन । सम्झौता तथा खर्च लेख्ने आधार लेखापरीक्षणमा पेश नगरेकोले उक्त होटलको विल संलग्न गरी कमल बहादुर सिँहलाई भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| गो भौ नं र मिति | भुक्तानी प्राप्त गर्ने | रकम | कैफियत |
|---|---|---|---|
| ६१।२०८०।७।२ | कमल बहादुर सिँह | ५००००० | स्टे होटल भ्याली प्रालि सुर्खेतको विजक संलग्न गरी स्थानीय पाठ्यक्रम तर्जुमा उल्लेख गरी भुक्तानी दिएको |

| असुल गर्नुपर्ने | ५,००,००० |
|---|---|

८ **कर दस्तुर एवं आन्तरिक आय**

८.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।यस बर्ष पालिकाको अनुमानित आन्तरिक आय रु ८५००००। रहेकोमा पालिकाले देहाय अनुसार विभिन्न शिर्षकमा रु ५१९३२३। अर्थात ६१ प्रतिशत मात्र असुली गरेको छ ।

| वडा नं | पद नाम थर | बुझेको रसिद | बुझाएको रकम |
| --- | --- | --- | --- |
| १ | वडा सचिव प्रेम बहादुर सिंह | ७५१-८०० | १५४४५ |
| २ | | १७०१-१७५० | ४४८४३ |
| | का.स.लाल बहादुर सिंह | १८०१-१८५० | |
| ३ | वडा सचिव केशव बहादुर सिंह | ३०१-३५० | २३५०४ |
| ४ | वडा सचिव सुर्य बहादुर शाही | २६०१-२७०० | १७८२० |
| ५ | पोषण सहायक लोकेश पोख्रेल | १००१-१०५० | ४९५०३ |
| | | ९०१- ९५० | |
| | | १९५१-२००० | |
| ६ | वडा सचिव शंखलाल पोख्रेल | ९५१-१००० | २९०९८ |
| | | १०५१-११०० | |
| ७ | वडा सचिव मनराज शाही | १४५०-१५०० | २२७५० |
| | | १५०१-१५५० | |
| गाउँपालिका | क.अ. शिवनारायण चौधरी | ७०१-७५० | ४३४८० |
| | | ८५१-९०० | |
| रसिद बाट | | - | २४६४४३ |
| सिधैं बैंक दाखिला | | - | २७२८८० |
| कुल जम्मा | | - | ५१९३२३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाले आर्थिक ऐन बमोजिम संभावित करदातालाई अभिलेख राखी करको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ **उठन बाँकी राजस्व**-गाउँपालिकाको आर्थिक ऐन २०८०।८१ अनुसार बैंक तथा वित्तिय सहकारी संस्थाबाट उठाउने व्यवसाय करको दर उल्लेख गरेको छ । पालिका अन्तर्गत रही यो बर्ष कारोबार गरेको देहायका वित्तीय संस्थाबाट देहाय बमोजिम व्यावसाय कर उठाएको नदेखिँदा उक्त रकम असुल गर्नुपर्ने रु

| सि नं | विवरण | रकम |
| --- | --- | --- |
| १ | कृषि विकास बैंक | १२००० |
| २ | हिमचुली सहकारी संस्था | ३००० |
| जम्मा | | १५००० |

| असुल गर्नुपर्ने | १५,००० |
| --- | --- |

८.३

**राजस्व असुलीमा सुत्र सफ्टवेयरको प्रयोग** -महालेखा नियन्त्रकको कार्यालयद्वारा जारी सुत्र सफ्टवेयरमा पालिका तथा वडाको राजस्व संकलनको विवरण राख्ने व्यवस्था गरिएको छ। तर वडा कार्यालयहरुमा उक्त सफ्टवेयर प्रयोग वेगर नै नगदी रसिदको प्रयोग गरेको पाइयो । सबै राजस्व कारोबार सुत्र सफ्टवेयरको प्रयोग गरेर मात्र गर्ने व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.४ **सेवा प्रवाह र आम्दानी** -सेवा प्रवाह र आम्दानीः पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.५ **ढिला राजस्व दाखिला गरेको :**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । तर वडामा संकलित राजस्व समयमा दाखिला नगरी ३, ४ महिना ढिलो गरेर मात्र दाखिला गरेको देखिन्छ । नियमको कडाइका साथ पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.६ **करको दायरा विस्तार**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा गाउँपालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ९ सामुदायिक वनको आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। पालिका भित्रका वन उपभोक्ता समितिबाट उक्त राजस्व प्राप्तिको लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गरी वन पैदावारको विक्री वापतको रकम असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० विपद् व्यवस्थापन

समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा

तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन गरेकोमा पटक बैठक समेत बसेको पाइएन। पालिकाले देखिन्छ । पालिकाले महावै गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७९ जारी गरेको छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।

कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि सम्बन्धी उल्लेख छ । सोही नियमावलीको को नियम (७) मा सरकारी निकायबाट कुनै कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्नेछ। उक्त कार्यक्रममा देहाय अनुसार रु.१६२६७४०। खर्च भएको विवरण पेश गरी भुक्तानी माग गरेको छ । शिक्षा तथा युवा खेलकुद शाखा गो भौ नं १३।२०८१।३।१४ तर्फ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरेबापत भनी शिक्षा अधिकृत छैठौ मदन बहादुर शाहीको रु १० लाख पेश्की फर्स्योट गरेको र संघीय हस्तान्तरित चालू गो भौ नं १११। २०८१।३।१४ बाट रु १०००००। समेत रु ११०००००। भुक्तानी गरेको देखिन्छ।

१. विद्यालयको खातामा निकाशा रु. ३,००,०००।–

२. सालिक निर्माणमा रु. ६०,०००।–

३. खाना नास्ता रु. ६,२२,६००।–

४. प्रमाणपत्र रु.५४,३००।–

५. जुत्ता रु. १९,४००।–

६. ड्रेसमा रु.१,६६,११०।–

७. खेलकुद सामाग्रीमा रु. १,०१,१००।–

८. गाडी भाडा तथा सामान ढुवानी रु.१२,०००।–

९. स्वयं सेवक भत्ता रु. १२,०००।–

१०. औषधि खर्च रु.२०,६३०।–

राष्ट्रपति रनिङ शिल्डको कार्यक्रम सञ्चालनमा सालिक निर्माण जस्ता असान्दर्भिक खर्च गरेको देखिन्छ ।कार्यक्रम सञ्चालन पूर्व लागत अनुमान स्वीकृति गरे वेगर नै खर्च गरेको तथा प्रतियोगिता सम्पन्न भए पश्चात् सोको प्रगति प्रतिवेदन पेश गरेको देखिएन । कार्यक्रम सञ्चालन पूर्व लागत अनुमान तर्जुमा गरी सोही अनुरुप मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **पदाधिकारी सुविधा**

१२.१ **पदाधिकारी सुविधा** :- कर्णाली प्रदेश स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु.९६०१२०५।०० सुविधा भुक्तानी दिएको छ। यसबर्ष पदाधिकारी सुविधामा रु ९६०१२०५। खर्च भएको छ जुन यो बर्षको आन्तरिक आय रु ५१९३२३। को तुलनामा १९ गुणा भन्दा बढी हुन आउँछ । यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२.२ **पदाधिकारी अनुगमन-** कर्णाली प्रदेश स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।उक्त ऐन अनुसार जिल्ला भित्रको भ्रमणमा पदाधिकारीले दैनिक भ्रमण भत्ता भुक्तानी लिन मिल्ने देखिँदैन । पालिकाले देहायका पदाधिकारीको अनुसूची भन्दा थप अनुगमन भत्ता भुक्तानी दिँदा दोहोरो भएको भत्ता सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्ने रु

| गोभौ नं | पदाधिकारीको नाम | भ्रमणको स्थान | भुक्तानी रकम |
|---|---|---|---|
| २१५।१२।०६ | अध्यक्ष खेम ब सिंह(खम्मा सिँह मार्फत् बुझेको) | महावै देखि मान्म | ४०९५० |
| २४०।१२।०७ | उपाध्यक्ष दान सिंह सेजुवाल | मान्म | २५००० |
| १७६।१०।१७ | उपाध्यक्ष दान सिंह सेजुवाल | महावै देखि मान्म | २२८०० |
| १७४।१०।१६ | कार्यपालिका सदस्य शान्ति कुमारी सिंहं | स्थान नखुलाएको | ३६००० |
| ३६९।३।१९ | कार्यपालिका सदस्य शान्ति कुमारी सिंहं | मान्म | १०७५० |
| १४।२०८०।७।१ | कार्यपालिका सदस्य शान्ति कुमारी सिंहं | श्रावण भाद्र र आश्विन महिनामा ८ पटक दैनिक भ्रमण आदेश लिई ५६ दिनको दैनिक भ्रमण भत्ता भुक्तानी | ९४३२० |
| १७६।१०।१६ | वडा अध्यक्ष नन्द किशोर चौलागाई | महावै देखि मान्म | ६४२५० |
| ३७०।३।१९ | वडा सदस्य सुरेन्द्र ब सिंह | मान्म | ९२५० |
| ३७०।३।२० | वडा सदस्य कान्छो सिंह | मान्म | २२५० |
| जम्मा | | | ३०५५७० |

| असुल गर्नुपर्ने | ३,०५,५७० |
|---|---|

१३ **गाउँपालिका चालूतर्फ**

१३.१ **भ्रमण खर्च अभिलेखः-** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसुचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले बिश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता तथा भ्रमण अनुगमन प्रतिवेदन तयार गरि राखेको पाईएन । भ्रमण पश्चात अनिवार्य रुपमा कामको व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३.२ **सम्बन्धितलाई भुक्तानीको प्रमाण-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।नमूना छनौटको आधारमा परीक्षण गर्दा पालिकाबाट देहाय बमोजिमको खर्च लेख्दा सम्बन्धित कार्यक्रमको पुष्टाँइ हुने गरी सम्बन्धित व्यक्तिलाई भुक्तानी गरेको प्रमाण वेगर नै भुक्तानी गरेको छ । भुक्तानी प्राप्त गर्नुपर्ने व्यक्ति भन्दा फरक व्यक्तिले रकम बुझेको, प्रयोजन खुल्ने प्रमाण पेश नभएको हुँदा सम्बन्धितलाई बुझाएको प्रमाण तथा कार्यालय प्रयोजन खुल्ने प्रमाण पेश पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १७३।१०। १६ | निर्जन शाहि | ९८००० | विल भरपाईमा सम्बन्धीत लाई भुक्तानी भएको नदेखिएको ।वडा सचिवहरुको भ्रमण भत्ताको विल राखिएको |
| २०१।१२। ०२ | प्रकाश शाहि | ४०००० | स्टेशनरीको विल राखी प्र प्र अधिकृत प्रकाश शाहीलाई भुक्तानी गरेको |
| २०८।१२। ०६ | पुर्ण ब शाहि | ५०००० | सप्लायर्सको विजक रहेको |
| २३२।१२।६ | होटल सिदार्थ | १६००० | राकम दैलेखको विल राखेको |
| २७७।१।९ | दिपक खत्री | ५०००० | प्रयोजन नखुलाएको |
| जम्मा | | २५४००० | |

| प्रमाण पेश नगरेको | २,५४,००० |
|---|---|

१३.३ **बढी भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ।देहाय अनुसार भुक्तानी हुँदा वास्तविक खर्च भन्दा रु २०५४५। ले बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने पदाधिकारी | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| १९६।११।२९ | खेम बहादुर सिंह | ३४५९० | ४२३३० | ७७४० |
| ६।२०८०।६।३ | मणिराम उपाध्याय | १८६९९५ | २०५२०० | १२८०५ |

| असुल गर्नुपर्ने | २०,५४५ |
|---|---|

१३.४ **असम्बन्धित भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। गो भौ न ७१।२०८०।७।२ बाट महेन्द्र कुमार सिँहलाई विभिन्न होटल र दैनिक भ्रमण भत्ता तथा खाजा खानाको विजक संलग्न गरी भुक्तानी गरेको छ । निज पालिकाको कर्मचारी तथा पदाधिकारी भएको नदेखिएको एवं पालिकासँग सम्बन्धित कार्यक्रमको खर्च समेत नदेखिँदा व्यक्तिगत प्रयोजनको विल विजक संलग्न गरी भुक्तानी दिन मिल्ने नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००,००० |

१३.५ **स्थानीय भत्ता**-निजामती सेवा नियमावली, २०५० को नियम ९३ मा कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने उल्लेख छ । नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार दरवन्दी भित्रका करार कर्मचारीहरुलाई दिने सुबिधा सम्वन्धी मिति २०७४।१।२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुबिधामा स्थानीय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाई स्थानीय भत्ता उपलव्ध गराउन मिल्ने देखिँदैन । तर पालिकाले करारमा नियुक्ती भएका निम्नानुसार कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी दिएको देखिन्छ। पालिकाले देहायका करारका कर्मचारीलाई भुक्तानी दिएको स्थानीय भत्ता सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु.

| सि न | पद | नाम थर | स्थानीय भत्ता | महिना | जम्मा |
|---|---|---|---|---|---|
| १ | लघु उद्यम अधिकृत | नरेन्द्र बहादूर शाही | ११८१० | ९ | १०६२९० |
| २ | सव इन्जिनियर | नबिन शाही | ७७१० | ९ | ६९३९० |
| ३ | वडा सचिव | सूर्य बहादूर शाही | ६११० | ९ | ५४९९० |
| ४ | वडा सचिव | शंखलाल पोख्रेल | ६११० | ९ | ५४९९० |
| ५ | वडा सचिव | अक्कल बहादूर शाही | ६११० | ९ | ५४९९० |
| ६ | वडा सचिव | केशर बहादूर सिंह | ६११० | ९ | ५४९९० |
| ७ | वडा सचिव | मणिराम उपाध्याय | ६११० | १२ | ७३३२० |
| ८ | वडा सचिव | धर्मराज सिंह | ६११० | ९ | ५४९९० |
| ९ | का स | भिम बहादूर सिंह | ६११० | ९ | ५४९९० |
| १० | ह स चा | केदार सिंह | ४५०० | ९ | ४०५०० |
| ११ | वडा सचिव | प्रेम बहादूर सिंह | ६११० | ९ | ५४९९० |
| जम्मा | | | | | ६७४४३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७४,४३० |

१३.६ **छुट पारिश्रमिक कर**-आयकर ऐन २०५८ को दफा ८७ अनुसार प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस बर्ष देहायको कर्मचारीको एकल प्राकृतिक व्यक्तिको रोजगारीको आयमा लाग्ने कर गणनामा छुट भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| क्र स | कर्मचारीको नाम | कर लाग्ने आय | कर |
|---|---|---|---|
| १ | गणेशमान सिंह | ५५९४३० | ५५९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५९४ |

१४ **कार्यालय सामाग्री खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । तर पालिकाले गो भौ नं ५९।२०८१।३।२ बाट मिलन जनरल स्टोर्स एण्ड सप्लायर्सलाई देहाय बमोजिम रु ९६२५९०।को सामाग्री खरिद उल्लेख गरी भुक्तानी गरेकोमा सोको जिन्सी दाखिला समेत गरेको देखिएन ।मिलन जनरल स्टोर्सबाट २०८०।१२।२७ मा विभिन्न ७ प्रकारका स्टेशनरी आइटमको रु ८१६१४२। खरिद गरेको विजक पेश गरेको छ ।

| क्र.सं. | विवरण | परिमाण | प्रति इकाइ मूल्य | रकम |
|---|---|---|---|---|
| 1 | इन्डेक्स फाइल | 500 | 300 | 150000 |
| 2 | पाइलट पेन | 50 | 2160 | 108000 |
| 3 | फलाम र्याक | 6 | 12500 | 75000 |
| 4 | अफिसियल टेबल | 8 | 18500 | 148000 |
| 5 | मल्टिपल्ग | 30 | 1200 | 36000 |
| 6 | फिता ठुलोमा १०० मि | 65 | 2850 | 185250 |
| 7 | रेर्कड फाइल | 1000 | 20 | 20000 |
| | | | जम्मा | 722250 |
| | | | मु अ कर १३% | 93893 |
| | | | कुल जम्मा | 816143 |

त्यस्तै सोही स्टोरबाट २०८१।१।२५ मा ५ प्रकारका सामाग्रीहरु रु १४६४४८। मा खरिद गरेको विजक संलग्न गरेको देखिन्छ ।

| क्र.सं. | विवरण | परिमाण | प्रति इकाइ मूल्य | रकम |
|---|---|---|---|---|
| 1 | स्ट्यापलर मेसिन ठुलो | 10 | 3500 | 35000 |
| 2 | पन्चिङ मेसिन ठेलो | 8 | 4200 | 33600 |
| 3 | सादा रजिस्टर | 50 | 380 | 19000 |
| 4 | डायरी राम्रो | 60 | 600 | 36000 |
| 5 | ग्लुस्टीक | 4 | 1500 | 6000 |
| | | | जम्मा रु. | 129600 |
| | | | मु अ कर १३ % | 16848 |
| | | | कुल जम्मा | 146448 |

उक्त सामाग्री खरिद गर्दा खरिद कानूनको पालना नगरेको तथा खरिद गरिएका सामाग्रीहरुको मूल्य अस्वभाविक देखिएको हुँदा यस सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने र खरिद गरिएका जिन्सी सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६२,५९० |

१५ **ओदा फाउन्डेसन**

गाउँकार्यपालिकाको कार्यालय र ओदा फाउण्डेशनबीच आर्थिक वर्ष २०८०।०८१को स्वास्थ्य लक्षित कार्यक्रमअन्तर्गत महावै गाउँपालिका जनसमुदायहरुलाई स्वास्थ्य क्षेत्रमा टेवा पुर्याउने उद्देश्यले public private partnership model मा स्वास्थ्य शिक्षा

सञ्चालन तथा व्यवस्थापन गर्न सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त नं ६ मा कुल कार्यक्रम खर्च मध्ये पहिलो पक्षले रु ३०,९०,५०० (अक्षररुपी तीस लाख नव्वे हजार पाँच सय) उपलब्ध गराउने उल्लेख छ । यो बर्ष गो भौ नं ४९।२०८१।३।२२ बाट उक्त संस्थालाई रु १५ लाख भुक्तानी गरेको छ । सम्झौताअनुसार दोस्रो पक्षले गरेको काम तथा खर्च सम्बन्धी विवरण माग गरेको समयमा उपलब्ध गराउनुपर्ने,कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक रुपमा विस्तृत विवरण जानकारी गराउने र सार्वजनिक सुनवाई गर्नुपर्ने, लेखापरीक्षण गराउनुपर्ने,बिल भर्पाइ सहित कार्य प्रतिवेदनको प्रतिलिपी १ प्रति पहिलो पक्षलाई अनिवार्यरुपमा बुझाउनुपर्ने र अन्तिम प्रतिवेदन पेश गर्दा कुल कार्यक्रमको बजेटको शतप्रतिशत रकमको बिल भरपाई पेश गर्नुपर्ने उल्लेख छ । उल्लेखित शर्तहरुको पालना गरेको विवरण लेखापरीक्षणमा पेश गरेको छैन । उक्त संस्थाको सार्वजनिक सुनुवाई भएको प्रमाण खर्चको बिल भर्पाई तथा लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्दछ । संस्थाले बर्षभरि प्रदान गरेको आधारभूत स्वास्थ्य सेवाको विवरण लगायत अन्य पक्षको समेत विश्लेषण गरेरमात्र साझेदारी गर्नु उपयुक्त हुने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१६ **गाउँपालिका पूँजीगततर्फ**

१६.१ **खरिद कारवाहीको अभिलेखः-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागि फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.२ **निर्माण कार्यको अवधि थप** – सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले ठेक्का विवरण तयार नगरेको कारण म्याद गुज्रेको ठेक्काको विवरण विश्लेषण गर्न सकिएन । निर्माण कार्यको अवधि एकिन खुल्ने गरी तोकिएको ढाँचामा विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.३ **कार्यसम्पादन जमानतः-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर पालिकाले कार्यसम्पादन जमानतको अवधि खुल्ने गरी समयमा कार्य सम्पन्न हुन नसक्ने ठेक्काको विवरण तर्जुमा गरेको देखिएन। कार्यसम्पादन जमानत मान्य अवधि थप गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **उपभोक्ता समिति मार्फत् कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न ८४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ५९२१२१४०। भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय

बमोजिम रहेका छन् ।

• उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको

• उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको

• उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन

• यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा नक्सा पेश गरेको देखिएन

• पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण पनि गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ टेस्ट रिपोर्ट

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम उपभोक्ता समितिमार्फत् जिआई वायरको जाली भर्ने कार्य गराएकोमा लगत इष्टिमेटमा GI WIRE Heavy zinc coated को दररेट कायम गरी सो अनुरुप कार्यसम्पन्न गरी भुक्तानी दिएकोमा उपभोक्ता समितिसँग सोको गुणस्तर प्रतिवेदन पेश गर्नुपर्नेमा संलग्न भौचरमा सो पेश नगरेकोले सम्बन्धितबाट Lab test report पेश गर्नुपर्दछ। उदाहरण

| गोभौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३६।२०८१।३।२० गापा पूँजीगत | ओखरमोला ढलनिकास उ स | १७११०७४ |
| २।२०८०।१२।२ | गेला मावि फिल्ड निर्माण र भैलीखोला तटबन्ध निर्माण उ स | १९८६५०० |

सैद्धान्तिक बेरुजु

## १९ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ।कार्यालयले विभिन्न १११ जना कर्मचारीहरु करारमा भर्ना गरि रु. ३०६२३५०१। खर्च गरेको छ।पालिकाले स्वीकृत दरबन्दी भन्दा बाहिरको देहायको खेलकुद प्रशिक्षक, विद्युत अपरेटर जस्ता पदमा कर्मचारी भर्ना गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु

| क्र.सं | पद | कर्मचारी संख्या | वार्षिक खर्च |
|---|---|---|---|
| 1 | खेलकुद प्रशिक्षक चौथो | 7 | 2994082 |
| 2 | विद्युत अपरेटर | 10 | 1560000 |
| **जम्मा** | | 17 | 4554082 |

| | |
|---|---|
| अनियमित भएको | ४५,५४,०८२ |

२० **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। पालिकाले देहाय बमोजिम भुक्तानी गर्दा वास्तविक कार्य भन्दा बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु

| गोभौ नं र मिति | विवरण | प्राविधिक विजक अनुसार भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी | शिर्षक |
|---|---|---|---|---|---|
| २६।२०८१।३।१८ | खेलकुद पूर्वाधार निर्माण उ स | १४३४६९२ | १४३८४७० | ३७७८ | संघीय |
| ४।२०८०।१२।२ | थामखेत कुडिला घोरेटो बाटो निर्माण उ स | १४६२३९८ | १४६४०२८ | १६३० | प्रदेश |
| १६।२०८१।३।२३ | हात्ती खोलादेखि गेलासम्म सडक निर्माण | १२५०१९२ | १२५३९६५ | ३७७३ | प्रदेश |
| १३।२०८०।९।१५ | नव शान्ति बाल विकास केन्द्र | ९३८५३ | ९७२०६ | ३३५३ | गा पा पूँजीगत |
| ३२।२०८१।३।१५ | कम्न देखिगाउँ सम्म पिसिसी बाटो निर्माण उ स | १५०१९६२ | १५३१०७७ | २९११५ | गा पा पूँजीगत |
| ३८।२०८१।३।२० | अस्थायी भवन पर्खाल प्लास्टर बरण्डा निर्माण | ६६०१७२ | ६७८८३० | १८६५८ | गा पा पूँजीगत |
| ४०।२०८१।३।२० | श्री आदर्शआधारभूत विद्यालय | ८४०३० | ९५४५१ | ११४२१ | गा पा पूँजीगत |
| ६२।२०८१।३।२४ | श्रृजनशीलआधारभूत विद्यालय | ९३२०२ | ९५५२८ | २३२६ | गा पा पूँजीगत |
| जम्मा | | | | ७४०५४ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,०५४ |

२१ **बिल विजक वेगर भुक्तानी**

२१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। तर पालिकाले देहाय बमोजिमको खर्च लेख्दा खर्चसँग सम्बन्धित विल विजक वेगर नै भुक्तानी गरेको छ । उक्त भौचरसँग सम्बन्धित कागजात प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| सि नं | गो भौनं | भुक्तानीपाउने | कैफियत | भुक्तानीरकम |
|---|---|---|---|---|
| १ | १७८।१०।१६ | राज कुमार शाही | प्रयोजन नखुल्ने | १३००० |
| २ | १७८।१०।१८ | मदन बहादुर शाही | प्रयोजन नखुल्ने | ५०००० |
| ३ | १९१।११।२२ | जिर ब सिह | गत वर्षको भुक्तानी | ३०००० |
| ४ | २४९।१२।२५ | जय विज्ञान फलफुल नर्सरी | गत वर्षको भुक्तानी | ११०००० |
| ५ | २५३।१२।२६ | भिम बहादुरशाहि | विविध खर्चचालु | ४०००० |
| ६ | २८४।१।९ | रोनी होटल | घरभाडा।अन्य विविध | ३७२००० |
| ७ | ३१४।३।९ | राज कुमार शाही | उत्सव समारोह दिवस | ५०००० |
| जम्मा | | | | ६६५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६५,००० |

२१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। तर पालिकाले देहाय बमोजिमको खर्च लेख्दा खर्चसँग सम्बन्धित विल विजक वेगर नै भुक्तानी गरेको छ । उक्त भौचरसँग सम्बन्धित कागजात प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| सि नं | गो भौ नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३३।२०८१।३।२० | मल्टी बिजनेस कालिकोट | ५०००० | संघीय पूँजीगत |
| २ | ८।२०८०।७।२ | नन्द बहादुर सिँह | ३९००० | गापा पूँजीगत |
| ३ | ४२।१०।११ | विधुत मर्मत | १५०००० | गापा पूँजीगत |
| ४ | ४२।१०।१२ | सेरीकुलो मर्मत | ५०००० | गापा चालूतर्फ |
| ५ | १४५।३।२२ | खाम्बा सिंह | ४०००० | गापा चालूतर्फ |
| ६ | १४९।३।२४ | कालिका मा वि को छाना मर्मत | ४००००० | गापा चालूतर्फ |
| ७ | १५८।३।२४ | सम्भावयता उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समुहमा प्रविधी हस्तान्तरण | १४०००० | गापा चालूतर्फ |
| ८ | ८।२०८०।६।३० | स्वास्थ्यचौकी देखि डाँडासम्म पिसिसी निर्माण उस | ६००००० | गापा चालूतर्फ |
| ९ | ३४।२०८०।७।२ | इन्द्र बहादुर शाही | ५०००० | गापा चालूतर्फ |
| १० | ३६।८०/०७/०२ | अशोक रावत कार्यक्रम खर्च | १००००० | गापा चालूतर्फ |
| ११ | ७२।२०८०।७।२ | जय प्रकाश अधिकारी | ५०००० | गापा चालूतर्फ |
| १२ | ९२।२०८०।७।३ | धर्म सिँह | ४०००० | गापा चालूतर्फ |
| जम्मा | | | १७०९००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०९,००० |

२२ **विजक भन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ६।२०८०।७।२ बाट लक्ष्मी सिचाई कुलो मर्मतको प्राविधिक बिजक अनुसार रु ३८३०९४।को कार्य भएकोमा कन्टिन्जेन्सी कट्टा गरी रु ३७५४३२। मात्र भुक्तानी दिन मिल्नेमा रु ३९१०००। भुक्तानी भएबाट बढी भुक्तानी भएको रु १५५६७। बढी भुक्तानी भएको सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५६७ |

२३ **प्रदेश पुर्जीँगत तर्फ**

**सेरा कुलो निर्माण-** प्रदेश पूँजीगततर्फ गो भौ नं १९।२०८१।३।२४ बाट रु १५११५४२। र गाउँपालिका पूँजीगत गो भौ नं ५८।२०८१।३।२४ बाट रु ११७११५०। र गाउँ पालिका पूँजीगत गो भौ नं ६६।२०८१।३।२४ बाट रु ३०००००। पेश्की फस्योंट समेत रु २९८२६९२। भुक्तानी भएको छ । तर नापी किताब अनुसार रु २८२७१०१। (मूअकर समेत )को कार्य भएको देखिन्छ। यसरी वास्तविक काम भन्दा रु १५५५९१। बढी भुक्तानी भएको देखिँदा उक्त रकम ए एण्ड वि कन्स्ट्रक्सन प्रालिबाट फिर्ता गरी प्रदेश सञ्चितकोष दाखिला गर्नुपर्न गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,५९१ |

२४ **अग्रिमकर, मूअकर, धरौटी कट्टी**

आयकर ऐन २०५८ अनुसार भुक्तानीमा १.५ प्रतिशतले हुने अग्रिम कर आर्थिक ऐन अनुसार मूल्य अभिबृद्धिकरको ३० प्रतिशत तथा सार्वजनिक खरिद नियमावली अनुसार निर्माण व्यवसायीसँग भुक्तानीको बखत ५ प्रतिशतले धरौटी कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको निर्माण व्यवसायीसँग सम्झौता भइ भुक्तानी गर्दा भुक्तानीका बखत कट्टा गर्नुपर्ने अग्रिम कर रु १३९६५८। मूअकर रु ३६३१११ र धरौटी कट्टी रु ४६५५२७ समेत रु ९६८२९६।गरेको नदेखिँदा उक्त रकम असुल हुनुपर्ने रु

| गो भौ नं र मिति | विवरण | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम मूअकर बाहेक | अग्रिम कर १.५ % | धरौटी कट्टी ५% | मूअकर | मूअकरको ३०% |
|---|---|---|---|---|---|---|---|
| १९। २०८१।०३।२४ प्रदेश समपुरक | सेरा कुलो निर्माण | ए एण्ड वि कन्स्ट्रकसन | १५११५४२ | २२६७३ | ७५५७७ | १९६५०० | ५८९५० |
| ५८।२०८१।०३।२४ गा पा समपुरक | सेरा कुलो निर्माण | ए एण्ड वि कन्स्ट्रकसन | ११७११५० | १७५६७ | ५८५५८ | १५२२५० | ४५६७५ |
| जम्मा | | | २६८२६९२ | ४०२४० | १३४१३५ | ३४८७५० | १०४६२५ |
| ३९।२०८१।०३।२४ संघीय विशेष | संगिन आ वि भवन निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा | ३६९२४७२ | ५५३८७ | १८४६२४ | ४८००२१ | १४४००६ |
| ४१।२०८१।०३।२४ संघीय समपुरक | घट्टे घाट गेला हलाने हुँदै पाद्मघाट सडक निर्माण | कृष्टल एण्ड श्रवण निर्माण सेवा | १५९८२८५ | २३९७४ | ७९९१४ | २०७७७७ | ६२३३३ |
| जम्मा | | | ५२९०७५७ | ७९३६१ | २६४५३८ | ६८७७९८ | २०६३४० |
| २९।२०८१।३।१९ | स्टील पार्टस | इन्टरटेक प्रा लि | १३३७०९९ | २००५६ | ६६८५५ | १७३८२३ | ५२१४७ |
| कुल जम्मा | | | ९३१०५४८ | १३९६५८ | ४६५५२७ | १२१०३७१ | ३६३११२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६८,२९६ |

२५ **चन्दादेवी मावि निकासा**

२५.१ गो भौ नं ६।२०८०।७।२ बाट चन्दादेवी मावि सामान खरिद तथा चर्पी निर्माण कार्यको लागि चन्दादेवी माविलाई बजेट खर्च रु २५४३०००।गरेकोमा रु १७४३०००। विद्यालयको खातामा बैक ट्रान्सफर गरेको देखिन्छ । बाँकी रु २०००००। कृष्ण बहादुर शाही र रु ६०००००। क्वीक कम्प्युटर सोलुसन्सलाई भुक्तानी दिएको देखिन्छ । संलग्न टिप्पणी आदेश अनुसार रु १२ लाख पेश्की कट्टी हुने उल्लेख छ । तर उक्त पेश्की जिम्मेवारी सुत्र सफ्टवेयरमा अ ल्या नगरेको एवं कट्टी समेत गरेको देखिएन । उक्त विद्यालयको लागि रु १६३१६३३। को शौचालय निर्माण रु ६९००००। को फर्निचर खरिद रु ९८३०००। को इलेक्ट्रोनिक्स आइटम खरिद र विज्ञान सामाग्री रु ५६९४७७। समेत रु ३८६९११०। को प्राविधिक बिजक संलग्न गरेको छ । विगतमा विद्यालयलाई दिएको पेश्कीको विवरण सुत्र सफ्टवेयरमा जिम्मेवारी सारेको नदेखिएकोले पेश्की रकम के कति हो यकिन गर्नुपर्दछ । लेखापरीक्षणमा विद्यालयसँगको सम्झौता पेश गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५.२ **जिन्सी दाखिला :-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ पालिकाबाट चन्दादेवी माविको लागि । रु ६९००००। को फर्निचर खरिद रु ९८३०००। को इलेक्ट्रोनिक्स आइटम खरिद र विज्ञान सामाग्री रु ५६९४७७। समेत रु २२४२४७७। को सामाग्रीको खरिदको लागि भनी निकासा दिएको सो सामाग्रीको सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला गरेको । साथै उक्त प्रयोगशाला सामाग्री खरिद पुष्टी हुने विल विजक लेखापरीक्षणमा पेश गरेको छैन । प्रयोगशाला सामाग्री खरिद रु ५६९४७७। कार्य सम्पन्नमा उल्लेख गरेकोमा सो पुष्टी हुने खरिद बिजक संलग्न गरेको नदेखिँदा उक्त खर्चको सक्कल बिल बिजक पेश गर्नुपर्ने र उल्लेखित आइटमको जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २२,४२,४७७ |
|---|---|

२५.३ **बढी निकासा-** उक्त भौचर संलग्न विजक अनुसार पी एम ट्रेड एण्ड सप्लायर्सबाट ६ थान ल्यापटप ११ थान डेस्कटप फोटोकपी मेशिन र प्रिन्टर समेत रु ८१४६१७।को इलेक्ट्रोनिक्स सामाग्री खरिद गरेकोमा कार्य सम्पन्नमा रु ४००००। यातायात खर्च समेत रु ९८३०००। उल्लेख गरेको छ । उक्त सामाग्रीको यातायात खर्च जोड्दा रु ८५४६१७। मात्र हुने देखिन्छ । वास्तविक लागत भन्दा रु १२८३८३। बढि विद्यालयलाई निकासा दिएको असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १,२८,३८३ |
|---|---|

२५.४ **असम्बन्धित भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले गो भौ नं ६।२०८०।७।२ बाट क्वीक कम्प्युटर सोलुसन्सलाई रु ६०००००। र कृष्ण बहादुर शाहीलाई रु २०००००। समेत रु ८०००००। भुक्तानी गरेको छ । उक्त खर्च पुष्टि हुने प्रमाण वेगर सोझै उक्त फर्म र व्यक्तिलाई दिएको रकम असुल हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | ८,००,००० |
|---|---|

## २६ शिक्षा तर्फ

२६.१ **शिक्षकको तलब भत्ता** – अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गर शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरुमा शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट रु १४०६०३००। तलब भत्ता भुक्तानी गरेको उपयुक्त देखिएको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.२ **बढी ग्रेड भुक्तानी** -तलब भत्ता निकासा दिँदा स्वीकृत तलबमान र ग्रेडको गणना गरी सोही अनुरुप निकासा दिनुपर्दछ । हिमालयन मा वि मा कार्यरत प्रा वि तृतीय श्रेणीको स्थायी शिक्षक सिता कुमारी शाहीलाई स्विकृत ग्रेड रकम भन्दा बढि निकासा भएको रु १४२६१ सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२६१ |

२६.३ **पाठ्य पुस्तकको रकम निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. 2.4.6.1 बुदा नं. १ IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालीत सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विधार्थीहरुको याथार्थ तथ्याङ्कसँग सत्यापान गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत विषयगत पाठ्यपुस्तक संख्या एकिन गर्ने उल्लेख छ । पालिकाले सत्यापन नगराई पाठ्यपुस्तकको लागि रु १५७७३१२। विद्यालयलाई निकासा दिएको छ । उक्त पुस्तको वितरणको भर्पाई पेश नगरेको तथा विद्यार्थीको यथार्थ तथ्याङ्क एकिन नगरी एकमुष्ट निकासा दिएको उचित देखिएन । तोकिएको कार्यविधिको पालना हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६.४ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार दोस्रो त्रैमासिक देखि स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन खाजा उलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । त्यसैगरी क्रियाकलाप नं. २.७.११.१ (छ) अनुसार विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीयतहबाट गर्ने र सबै सामुदायिक विद्यालयमा दिवा खजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने एवँ उक्त निरीक्षण पुस्तिकामा सङ्घिय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव दिने व्यवस्था रहेको छ । पालिकाले IEMIS मा विवरण नै नरहेको विभिन्न वालविकास केन्द्रको नाम उल्लेख गरी दिवा खाजा रकम उल्लेख गरी निकासा गरेको छ । IEMIS मा विद्यार्थी संख्या प्रविष्टी नै नभएकोमा दिवा खाजा भनी निकासा दिन मिल्ने नदेखिँदा विद्यार्थी संख्या सत्यापन गराई बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| | | |
|---|---|---|
| क्र.सं | विद्यालयको नाम | जम्मा |
| १ | श्री तिला वा.वि.के | 95200 |
| २ | श्री सिर्जनशिल बा.वि.के | 51000 |
| ३ | श्री जनतावा.वि.के | 68000 |
| ४ | श्री त्रिवेणी वा.बि.के थामखेत | 64600 |
| ५ | श्री काङ्खे वा.वि.के ओदा | 51000 |
| ६ | श्री कुलदेव वालविकास केन्द्र | 68000 |
| ७ | श्री नव शान्ती बालविकास केन्द्र | 51000 |
| ८ | श्री काजुआवसिय विद्यालय डिल्लिकोट | 51000 |
| ९ | आर जिएम | 51000 |
| १० | शैन चउर बालविकास केन्द्र | 27000 |
| | जम्मा | 577800 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७७,८०० |

२६.५ **छात्रवृति-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ (क) अनुसार गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख भएकोमा पालिकाले देहायका विद्यालयका IIEMIS मा भएका कक्षा ६-८ छात्रा संख्या भन्दा बढि रु. ३३०००।– निकासा दिएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| क्र.सं | विद्यालयको नाम | IEMIS अनुसार संख्या | निकाशा संख्या | बढि संख्या | दर | बढि निकाशा |
|---|---|---|---|---|---|---|
| १ | श्री तिला माध्यमिक बिद्यालय महावै- २ , कालिकोट | ५७ | ६० | ३ | १५०० | ४५०० |
| २ | हिमालय माध्यमिक विद्यालय | २७ | २८ | १ | १५०० | १५०० |
| ३ | श्री चन्दा देवी माध्यमिक बिद्यालय महावै ६, कालिकोट | ४९ | ५१ | २ | १५०० | ३००० |
| ४ | श्री त्रिवेणी माध्यामिक बिद्यालय महावै- ४ कालिकोट | ४३ | ४७ | ४ | १५०० | ६००० |
| ५ | श्री देव माध्यामिक बिद्यालय महावै-२ कालिकोट | १५ | २७ | १२ | १५०० | १८००० |
| जम्मा | | १९१ | २१३ | | | ३३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,००० |

२६.६

**छात्रवृति कार्यक्रम-** कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ (क) अनुसार गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख भएकोमा पालिकाले देहायका विद्यालयका IEMIS मा भएका कक्षा १-५छात्रा संख्या भन्दा बढि रु.२५०००।– निकासा दिएको रकम सम्बन्धीत विद्यालयबाट असुल हुनुपर्ने रु

| क्र.सं | विद्यालयको नाम | IEMIS संख्या | निकाशासंख्या | बढीसंख्या | दर | बढिनिकाशा |
|---|---|---|---|---|---|---|
| 1 | श्री महावैआधारभुत विद्यालय महावै- 6, कालिकोट | 15 | 23 | 8 | 1000 | 1000 |
| 2 | श्रीहिमालय माध्यमिक बिद्यालय महावै- 3, कालिकोट | 24 | 28 | 4 | 1000 | 4000 |
| 3 | श्री आदर्शआधारभुत बिद्यालय महावै- 6, कालिकोट | 20 | 22 | 2 | 1000 | 2000 |
| 4 | श्रीचन्दादेवी आधारभुत बिद्यालय महावै- 6, कालिकोट | 19 | 25 | 6 | 1000 | 6000 |
| 5 | श्री देवमाध्यामिक बिद्यालय महावै-2 कालिकोट | 38 | 42 | 4 | 1000 | 4000 |
| 6 | श्रीपंचदेव आधारभुत बिद्यालय महावै- 5, कालिकोट | 25 | 27 | 2 | 1000 | 2000 |
| 7 | श्रीलालिगुरास आधारभुत बिद्यालय महावै- 4, कालिकोट | 12 | 13 | 1 | 1000 | 1000 |
| 8 | श्रीजगनाथ आधारभुत बिद्यालय महावै- 1, कालिकोट | 37 | 40 | 3 | 1000 | 3000 |
| 9 | श्रीचुनढुङ्गगा आधारभुत विद्यालय महाबै-५,कालिकोट | 5 | 7 | 2 | 1000 | 2000 |
| | जम्मा | | | | | 25000 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

२६.७ **परिचालकको बढी निकासा** -कार्यक्रम कार्यान्वयन प्रकृया क्रियाकलाप नं २.७.१३.११ को ६.७ मा सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु १००००। का दरले १२ महिना पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी गर्ने व्यवस्था छ । तर पालिकाले मासिक रु १२००० का दरले पारिश्रमिक र चाडपर्व सहित ७८००० बढि निकासा दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| सामुदायि सिकाई केन्द्र नाम | परिचालकको नाम | बढी भुक्तानी |
|---|---|---|
| जगनाथ सामुदायिक सिकाई केन्द्र | संगिता शाहि | २६००० |
| समुन्द्र सामुदायिक सिकाई केद्र | सानुमाया शाहि | २६००० |
| हिमालय सामुदायिक सिकाई केन्द्र | पुमा कुमारी सिंह | २६००० |
| जम्मा | | ७८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,००० |

२६.८ **सामाजिक परीक्षण वेगर भुक्तानी** - कार्यक्रम सञ्चालन निर्देशिका २.७.१३.१३को ९.३ मा शैक्षिक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभुततर्फ १०० विद्यार्थी र माध्यामिक तर्फ २०० विद्यार्थी भएका

विद्यालयहरु मध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रकृया र पद्धती बमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमश तीन लाख र दुई लाख निकासा गर्ने उल्लेख छ । सामाजिक परीक्षणको मापदण्डको आधार तथा विश्लेषण वेगर नै देहायका विद्यालयलाई रु ५०००००। निकासा गरेको छ ।उक्त निकासा गर्न मिल्ने आधार तथा प्रमाण पेश गर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| क्र स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री डाँफे आ.बि | २००००० |
| २ | श्री त्रिवेणी मा.बि डिल्लिकोट | १००००० |
| ३ | श्री चन्दादेवि मा.बि | ५०००० |
| ४ | श्री संगिन आ.बि | ५०००० |
| ५ | श्री तिला बा.बि.के | ५०००० |
| ६ | लालिगुराश आ.बि | ५०००० |
| | जम्मा | ५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

२६.९ **बढी निकासा-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.१३.५० को २.१ मा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि प्रति विधार्थी वार्षिक रु २००। अनुदान दिने उल्लेख छ । तर पालिकाले IEMIS मा भएको विधार्थी संख्या भन्दा बढिका लागि निकासा भएको रु ६६००। सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| क्र.सं | विद्यालयको नाम | IEMIS अनुसार संख्या 6-8 | निकाशा संख्या | बढी संख्या | दर | बढि निकाशा |
|---|---|---|---|---|---|---|
| १ | श्री हिमालय माध्यमिक बिद्यालय महावै- 3, कालिकोट | ६२ | ६३ | १ | २०० | २०० |
| २ | श्री तिला माध्यमिक बिद्यालय महावै- 2 , कालिकोट | १०६ | १०९ | ३ | २०० | ६०० |
| ३ | श्री कालिका मा.बि. महावै 5, कालिकोट | १३३ | १४६ | १३ | २०० | २६०० |
| ४ | श्री चन्दा देवी आधारभुत बिद्यालय महावै- 6, कालिकोट | १०७ | ११२ | ५ | २०० | १००० |
| ५ | श्री त्रिवेणी माध्यामिक बिद्यालय महावै- 4, कालिकोट | ९५ | १०६ | ११ | २०० | २२०० |
| | जम्मा | | | | | ६६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६०० |

२६.१० **प्रति विधार्थी लागत-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.१३.५० को २.१ मा शिक्षण सिकाई सामाग्री डिजिटल सिकाई सामाग्रीका लागि प्रति विधार्थी ईकाई लागतका आधारमा प्रारम्भिक बालविकास पुर्व प्राथमिक कक्षाका लागि प्रति विधार्थी वार्षिक रु ५००। अनुदान दिने उल्लेख छ । तर पालिकाले IEMIS मा भएको विधार्थी संख्या भन्दा बढिका लागि निकासा भएको रु ७१५००। सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| क्र.सं | विद्यालयको नाम | निकासारकम |
|---|---|---|
| १ | श्री तिला वा.वि.के | १२००० |
| २ | श्री सिर्जनशिल बा.वि.के | ७५०० |
| ३ | श्री जनता वा.वि.के | १०००० |
| ४ | श्री त्रिवेणी वा.बि.के थामखेत | ९५०० |
| ५ | श्री काड्खे वा.वि.के ओदा | ७५०० |
| ६ | श्री कुलदेव वालविकास केन्द्र | १०००० |
| ७ | श्री नवशान्ती बालविकास केन्द्र | ७५०० |
| ८ | श्री काजुआवसिय विद्यालय डिल्लिकोट | ७५०० |
| | जम्मा | ७१५०० |

| असुल गर्नुपर्ने | ७१,५०० |
|---|---|

२७ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिका अन्तर्गत रहेका १७ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपूर्ति | | | | विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | | |
| १ | श्री कालिका मा.बि. महावै कालिकोट | १३ | ४ | ० | २ | १२ | ४ | १ | २ | ५८३ | १:३२ |
| २ | श्री चन्दादेवी आधारभुत बिद्यालय महावै, कालिकोट | ३ | २ | ३ | ५ | ३ | २ | ० | ५ | २३३ | १:२९ |
| ३ | श्री त्रिवेणी माध्यामिक बिद्यालय महावै-, कालिकोट | ७ | ४ | ० | १ | ७ | ४ | ० | १ | ३५३ | १:२९ |
| ४ | श्री तिला माध्यामिक बिद्यालय महावै- कालिकोट | ३ | १ | ० | २ | १ | १ | ० | ६ | ५८२ | १:७३ |
| ५ | श्री देव माध्यामिक बिद्यालय महावै- कालिकोट | १ | १ | ० | २ | १ | १ | ० | २ | १४३ | १:३६ |
| ६ | श्री संगिन आधारभुत बिद्यालय महावै, कालिकोट | १ | ० | ० | ४ | १ | ० | १ | ० | १२६ | १:६३ |
| ७ | श्री लालिगुरास आधारभुत बिद्यालय महावै, कालिकोट | ० | ० | ० | १ | ० | ० | ० | १ | ४५ | १:४५ |
| ८ | श्री महाबै आधारभुत विद्यालय गणेशकोट | २ | १ | ० | २ | २ | १ | ० | २ | ४८ | १:१० |
| ९ | श्री आदर्श आ.बि.औलगेला | ३ | १ | ० | ० | ३ | १ | ० | ० | ५६ | १:१४ |
| १० | श्री जगनाथ आ.बि कत्तमपुर | २ | २ | ० | २ | २ | २ | ० | १ | १२१ | १:२४ |
| ११ | श्री राम मा.बि राम्नी | ४ | ३ | ० | २ | ४ | ३ | ० | ४ | २६१ | १:२३ |
| १२ | श्री पंचदेवल आ.बि गेला | ० | २ | ० | १ | ० | २ | ० | १ | ६१ | १:२० |
| १३ | श्री जालफा आ.बि कुनी | ० | ० | ० | २ | ० | ० | ० | २ | ६० | १:३० |
| १४ | श्री चुनढुगा आ.बि गेला | ० | ० | ० | १ | ० | ० | ० | १ | २८ | १:२८ |
| १५ | श्री काजु आ.बि डिल्लिकोट | ० | ० | ० | १ | ० | ० | ० | ४ | १० | १:३ |
| १६ | श्री जनता आ.बि सिमखेत | १ | ० | ० | १ | ० | ० | ० | १ | २० | १:२० |
| १७ | श्री डाँफे आ.बि.नकु | २ | १ | ० | ० | २ | १ | ० | ० | २९ | १:१० |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:३ देखि १:७३ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **गाउँपालिका चालूतर्फ**

२९.१ **विगतको भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे

नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। विगतको भुक्तानी बाँकी उल्लेख गरी पालिकाले देहाय बमोजिम खर्च लेख्दा रितपूर्वक खर्च गरेको नदेखिँदा उक्त रकम असुल हुनुपर्दछ ।

| सिनं | गो भौनं र मिति | भुक्तानी पाउनेको नाम | विवरण/कैफियत | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६।२०८०।६।३ | कमला सिँह | मनोरञ्जनात्मक प्रकृतिको खर्च गरेको र कार्यालय प्रयोजन नखुल्ने | ८९९६० |
| २ | ६।२०८०।६।३ | विमला सिँह | विभिन्न २४ व्यक्तिलाई मान्मा सुर्खेत नेपालगञ्ज लगायतको स्थानमा गाडी भाडा भुक्तानी | १७३२५० |
| ३ | ६।२०८०।६।३ | कर्णाली रत्न | ओदा फाउन्डेसनको विभिन्न कार्यक्रमको लागि भनी गाडी भाडा दिएको | १२७८७० |
| ४ | ६।२०८०।६।३ | भिम बहादुर शाही | गाउँपालिकाको कार्यक्रममा खसी उपलब्ध गराएको | ४०००० |
| ५ | ६।२०८०।६।३ | प्रकाश शाही | अनुगमन उल्लेख गरेकोमा प्रतिवेदन पेश नभएको | ५०६०० |
| ६ | ६।२०८०।६।३ | भिम बहादुर सिँह | प्रयोजन नखुल्ने | ३१५२० |
| जम्मा | | | | ५१३२०० |

| असुल गर्नुपर्ने | ५,१३,२०० |
|---|---|

२९.२ **पुष्टाई बेगरको खर्च**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले देहाय अनुसारको खर्चमा कार्यालयसँग सम्बन्धित खर्चको पुष्टाँई वेगर खर्च गरेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९.३ **असम्बन्धित खर्च**- गो भौ नं ३२।२०८०।७।१ बाट इन्द्र बहादुर शाहीलाई रु १०००००। भुक्तानी गरेको छ ।कार्यालय कामकाजको लागि खर्च भएको रकम भनी रु १०००००। माग गरी भुक्तानी दिएकोमा भौचर संलग्न विल विजक अनुसार रेडबुल खरिद गरेको विस्कुट खरिद गरेको विल विजक राखेको छ । कार्यालयसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरेको प्रमाण पेश गर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,००,००० |
|---|---|

२९.४ **बढी भुक्तानी**-गो भौ नं ८९।२०८०।७।३ बाट गणेशमान सिंहलाई रु ५००००। भुक्तानी दिएकोमा संलग्न दैनिक भ्रमण भत्ता विजक अनुसार रु ४५०००। मात्र देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रु ५०००। सम्बन्धितबाट असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ५,००० |
|---|---|

२९.५ **प्रयोजन नखुल्ने खर्च**- गो भौ नं ९१।२०८०।७।३ बाट जनक बहादुर सिँहलाई रु ६००००।भुक्तानी गरेकोमा होटल बुलबुल सुर्खेतको विजक संलग्न गरेको देखिन्छ । कार्यालयसँग सम्बन्धित प्रयोजन नखुल्ने काममा भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ६०,००० |
|---|---|

२९.६ **दोहोरो भुक्तानी**- गो भौ नं ९३।२०८०।७।३ बाट उपाध्यक्ष दान सिँह सेजुवाललाई २०८०।५।२१ देखि २०८०।५।२८ र २०८०।४।१५ देखि २०८०।४।२२ सम्म सुर्खेत भ्रमण गरेको भनी रु ५००००। भुक्तानी गरेकोमा सोही समयावधिमा गो भौ नं ३४।२०८०।७।२ बाट समेत दैनिक भ्रमण भत्ता बापत भुक्तानी लिएको देखिँदा दोहोरो दैनिक भ्रमण भत्ता भुक्तानी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

३० **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । विभिन्न प्रयोजनका लागि खरिद गरेको उल्लेख गरी विजक संलग्न गरी भुक्तानी लिएको देहायको सामाग्रिको जिन्सी दाखिला गरेको देखिएन । उक्त सामाग्रिको जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु

| सिनं | गो भौ नं र मिति | विवरण | रकम | बजेट उपशिर्षक |
|---|---|---|---|---|
| १ | २८।२०८०।७।१ | आचार्यआकृति जनरल स्टोर कार्यालय सामान खरिद | ३२७००० | चालूतर्फ |
| २ | ३८।२०८०।७।२ | औषधि खरिद विगत आ व को भुक्तानी | ४०००० | चालूतर्फ |
| ३ | ४२।२०८०।७।२ | कर्णाली इन्फोटेक एण्ड सप्लायर्स ६ ल्यापटप खरिद | ५२४६८४ | चालूतर्फ |
| ४ | ५५।२०८०।७।२ | दिपक भाँडा पसल सामाग्री खरिद | २६९५९ | चालूतर्फ |
| ५ | ५७।२०८०।७।२ | अग्नि ज्वाला सप्लायर्स कार्यालय सामाग्री | ३१३०७ | चालूतर्फ |
| ६ | ७६।२०८०।७।२ | हरि बहादुर शाही खेलकुद सामाग्री खरिद | ३०००० | चालूतर्फ |
| ७ | ४३६।२०८१।३।२४ | हरि बहादुर शाही झोला खरिद जिल्ला खेलकुद | ४२९५० | चालूतर्फ |
| ८ | ४४४।२०८१।३।२४ | हिम शोभा जनरल स्टोर विभिन्न सामाग्री | ३८००० | चालूतर्फ |
| ९ | ४५९।२०८१।३।२४ | थापाल ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | ८९८३५ | चालूतर्फ |
| १० | ४६२।२०८१।३।२४ | आचार्यआकृति जनरल स्टोर कार्यालय सामान खरिद | १४४०४६ | चालूतर्फ |
| ११ | ११०।३।१४ | राधाकृष्ण ईन्फोटेक एण्ड अर्डर सप्लायर्स ल्यापटप चार्जर लगायतकासामान | ४९८२० | चालूतर्फ |
| १२ | १५५।३।२४ | अध्यक्ष र उपाध्यक्षको लागि मोबाइलसेट खरिद २ थान | २०७९२० | चालूतर्फ |
| १३ | १५२।३।२४ | नरेन्द्र बहादुर शाही सिलाई सामाग्री | ९७००० | चालूतर्फ |
| १४ | ५९।२०८१।३।२४ | मिलन जनरल स्टोर्स एण्ड सप्लायर्स | ९६२५९० | गा पा पूँजीगत |
| | जम्मा | | २६१२१११ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,१२,१११ |

३१ **संघीय सशर्त तर्फ**

३१.१ **औषधि खरिद** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यो बर्ष पालिकाले रु.१२७७७८९। औषधि खरिद सोझै खरिद गरेको छ । आपूर्ति औषधिको भएको औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन

खुलाएको प्रमाण समावेश गरेको देखिएन । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए । नभएको एकीन गरी औषधि व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१.२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ७ वडाहरुमा ११ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १७१ जनालाई रोजगारी उपलव्ध गराई रु.८४६४६५०।खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ७१ दिनसम्म बाटो भवन मर्मत तथा निर्माण सिचाई कुलो मर्मत गोरेटो बाटो निर्माण विद्युत लाइन विस्तार लगायतको कार्यमा रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१.३ **मुख्यमन्त्री रोजगार कार्यक्रमः**- मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ७ वटा योजनामा रु १५ लाखको दरले रु १३५०००००। विनियोजन भएकोमा रु १००५७८१९। खर्च हुनुको साथै २४९ जनाले औषतमा ४३ दिन रोजगारी प्राप्त गरेका छन ।भवन निर्माण फिल्ड निर्माण सिचाई पोखरी र खानेपानी निर्माणमा खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१.४ **खर्चको पुष्टाँई**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ। गो भौ नं १४६।३।२२ बाट पेश्की फर्स्यौट गरेकोमा बेरोजगार व्यक्तिको नामावली इन्ट्री गरेको उल्लेख गरी देहाय अनुसार रकम वितरण गरेको भरपाई पेश गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तीको अनलाईन इन्ट्री गर्ने कार्यको लागि भुक्तानी गर्न मिल्ने आधार नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु

| क्र स | भुक्तानी पाउनेको नाम पद | भुक्तानी रकम |
|---|---|---|
| १ | राजकुमार शाहि रोजगार संयोजक | ३१००० |
| २ | ईन्द्र बहादुर शाहि रोजगार सहायक | २०००० |
| ३ | ईन्द्र बहादुर शाहि रोजगार प्राविधिक | १२००० |
| | जम्मा | ६३००० |

| असुल गर्नुपर्ने | ६३,००० |
|---|---|

३१.५ **योजना अनुगमन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको जिम्मेवारी पालिका उपप्रमुखलाई दिएको छ । यो बर्ष सञ्चालित विभिन्न योजना तथा कार्यक्रममा अनुगमन समितिले अनुगमन गर्ने तथा सुझाव सिफारिस गरी पृष्ठपोषण गरेको देखिएन। यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् । ऐनले निर्दिष्ट जिम्मेवारी सम्बन्धित पदाधिकारीले वहन गर्नुपर्दछ ।

| गो भौ न | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १३१।३।२१ | शौचालय निर्माण | चन्दा देवीआधारभुत विद्यालय | १९८००० |
| १४७।३।२३ | खानेपानी धारा निर्माण | चन्दा देवीआधारभुत विद्यालय | ४००००० |

| सैद्धान्तिक बेरुजु |
|---|

३१.६ **दोहोरो भुक्तानी** -गो भौ नं १३२।३।२२ बाट क प्र ०२।००९।प ६६१०० सवारी साधन नविकरणका लागि रु १७०६०। पेश्की फस्यौंट भएको छ । गाउँपालिका चालु गो भौ नं ३४४ बाट पनि सोहि सवारी साधनको नविकरणका लागि १७०६०। नै भुक्तानी भएको देखिन्छ ।एकै प्रयोजनको दोहोरो भुक्तानी भएको रु १७०६०। रोजगार संयोजक राजकुमार शाहीबाट असुल उपर हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १७,०६० |
|---|---|

३२ **संघीय हस्तान्तरित पूँजीगततर्फ**

३२.१ **बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ। पालिकाले १२।२०८०।११।१२ बाट बन्चुगाड झोलुंगेपुल निर्माण समितिलाई रु १०३००००। भुक्तानी गरेको छ । प्राविधिक बिल अनुसार रु१५०६२४०। कार्य गरेकोमा पेश्की रु ५०००००। घटाउँदा रु १००६२४०। मात्र भुक्तानी दिन मिल्नेमा रु १०३००००। भुक्तानी गरेबाट बढी भुक्तानी भएको रु २३७६०। सम्बन्धित उपभोक्ताबाट असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | २३,७६० |
|---|---|

३२.२ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन, कार्यविधि २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य लिएको छ । उक्त कार्यविधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीयतहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ता बमोजिमको कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ ।पालिकाले पहिलो किस्ता लिएका लाभग्राहीको कार्यसम्पादनको अवस्था मूल्याँकन गरेको छैन । दोश्रो किस्ता भुक्तानी गर्दा प्राविधिक प्रतिवेदनको सिफारिसको आधारमा भुक्तानी गर्नुपर्नेमा जस्तापाता खरिद गरी विभिन्न २८ व्यक्तिलाई वितरण गरेको देखिन्छ ।उक्त जस्तापाता प्राप्त गर्ने सम्बन्धित लाभग्राही भए नभएको एकिन गर्न सक्ने देखिँदैन । प्राविधिक प्रतिवेदनको सिफारिस वेगर भुक्तानी दिएको रकमको कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ११,००,००० |
|---|---|

३२.३ **सुधारिएको चुल्हो कार्यक्रम** गाउँपालिका,इको हिमाल र एन वाई एस इन्जिनियरिँगबीच भएको त्रिपक्षिय सम्झौता अनुसार ८० वटा चुल्हो खरिद तथा जडान गर्ने र जस्को कुल लागत रु २७३००८०। मध्ये रु १० लाख गाउँपालिकाले व्यहोर्ने उल्लेख छ । पालिकाले २९ वटा चुल्हो खरिदको विल समावेश गरी गो भौ नं ३७।२०८१।३।२३ बाट एन वाइ एस इन्जिनियरिँगलाई रु १० लाख भुक्तानी गरेको छ । पालिकाले २०८०।१०।२५ मा गरेको सम्झौता अनुसार २ महिनाभित्र कार्य सम्पन्न गर्ने उल्लेख छ । तोकिएको समयमा कार्य सम्पन्न भएको देखिएन । भौचर संलग्न विवरण अनुसार ५० वटा चुल्हो खरिद गरी वितरण गरेको देखिन्छ । सम्झौता मुताविक बाँकी ३० वटा चुल्हो सम्बन्धित लाभग्राहीकोमा जडान भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३२.४ **मूअकर विजकभन्दा बढी भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ। गो भौ नं १८। २०८०।१२।२० बाट न्यू सिद्धि विनायक हार्डवेयर प्रालिलाई रु ११०००००। भुक्तानी भएको छ । खरको छाना विस्थापित गरी जस्तापाता राख्ने कार्यको लागि उक्त हार्डवेयरसँग मूअकर समेत रु ९७०००१।को खरिद गरेको विजक पेश गरेको छ । विजक भन्दा रु १२९९९९। बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,९९९ |

३२.५ **पि एस आइटम-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ। ३९।२०८१।०३।२४ बाट पि एस आइटम इन्सुरेन्स बापत भनी रु २८०००। भुक्तानी गरेकोमा सोको रु १६९०९। को मात्र बिजक पेश गरेको देखिन्छ । बिजक भन्दा बढी रु ११०९१।भुक्तानी गरेको सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०९१ |

३२.६ **बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नुपर्ने ब्यवस्था छ। गो भौ नं ४१ ।२०८१।३।२४ बाट रु ६९३७२०। र गाउँपालिका पूँजीगत गो भौ नं ३१।२०८१।३।२० बाट रु ११४०८१४ समेत रु १८३४५३४। घट्टेगाड गेला हलाने सडक निर्माण कार्यको लागि क्रिस्टल एण्ड श्रवण निर्माण सेवालाई भुक्तानी गरेको छ ।निर्माण व्यवसायीले जारी गरेको मूअकर विजक अनुसार रु १८०६०६२। मात्र भुक्तानी दिनुपर्नेमा उल्लेखित २ भौचरबाट रु १८३४५३४। भुक्तानी भएबाट बढी भुक्तानी भएको रु २८४७२। सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,४७२ |

३३ **डि.पि.आर. खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट रु ८३२०००। गराएको छ ।

| परामर्शदाताको नाम | कामको बिवरण | भुक्तानी रकम | सडकको लागत अनुमान |
|---|---|---|---|
| मुनलाईट इन्जिनियरिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि | घट्टेघाट देखि पदमघाट सडक योजना | ८३२००० | ४७७२९८३९ |

यसैगरी विगत ५ बर्षमा डिपीआर खर्च कुन कुन योजनाकोको लागि के कति भयो र सोको कार्यान्वयन अवस्था माग गरेकोमा सो को विवरण उपलब्ध गराएको छैन । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनको सुनिश्चतता हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **कार्य सम्पन्न**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नुअघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्नको लागि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ।देहाय बमोजिम विद्युत कामको लागि भनी रमिता अधिकारीलाई भुक्तानी दिएको रु ५०००००। को कार्य सम्पन्न पेश गर्नुपर्ने रु

| गो भौ नं | भुक्तानी पाउने | कार्यक्रम | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १९२।११।१२ | रमिताअधिकारी | भ्याकुने विधुत | ५००००० | लागत अनुमान तयारी , सम्झौता वेगर व्यक्तिलाई भुक्तानी |

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

३५ **सामाजिक सुरक्षा तर्फ**

**लगत कट्टा-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीयतहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ ।साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले देहायका लाभग्राहीको खातामा लगत कट्टा लागू हुने मिति पश्चात् निकासा भएको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| सि नं | भत्ताको किसिम | लाभग्राही | लिंग | लगत कट्टा लागू हुने मिति | बढी निकासा |
|---|---|---|---|---|---|
| 1 | जेष्ठ नागरिक क्षेत्र तोकिएका | नर ब सिह | पुरूष | ०४/१९/२०१४ | ७९८० |
| 2 | अति अशक्त अपाङ्गता भत्ता | लक्षी सिंह | पुरूष | ०१/०४/२०१९ | ६३८४ |
| 3 | क्षेत्र तोकिएका बालबालिका | युनीक काप्ले | महिला | ०४/२३/२०७७ | १५९६ |
| 4 | जेष्ठ नागरिक क्षेत्र तोकिएका | बिष्णुलाल चौलागाई | पुरूष | ०९/०५/२०१९ | ७९८० |
| 5 | जेष्ठ नागरिक क्षेत्र तोकिएका | श्रीमित बेलचन्दा जैसी | महिला | ०२/१०/२०१६ | ७९८० |
| 6 | क्षेत्र तोकिएका बालबालिका | आषीश शाही | पुरूष | ०३/१४/२०७८ | १५९६ |
| 7 | क्षेत्र तोकिएका बालबालिका | आसिश शाही | पुरूष | ०३/१४/२०७८ | १५९६ |
| जम्मा | | | | | ३५११२ |

| असुल गर्नुपर्ने | ३५,११२ |
|---|---|

३६ **प्रदेशतर्फ उद्दार राहत तथा पुनर्स्थापना खर्च**

कर्णाली प्रदेश सरकारद्वारा जारी सहिद स्मृति भत्ता वितरण कार्यविधि २०८०।८१ को परिभाषा खण्ड (२) को (ञ) मा हकवाला भन्नाले शहिद वा बेपत्ता पारिएका व्यक्तिका पति वा पत्नी निज नभए निजका छोरा अविवाहित छोरी र निज पनि नभए निजका आमा वा बाबु सम्झनुपर्ने उल्लेख छ । र सोही कार्यविधिको को दफा ३ मा कर्णाली प्रदेशमा स्थायी बसोबास भई बेपत्ता पारिएका व्यक्तिका हकवालाले भत्ता प्राप्त गर्न सक्ने उल्लेख छ । तर देहाय अनुसारका व्यक्तिका निजका हकवाला भन्दा फरक व्यक्तिहरुले भत्ता बुझेको देखिँदा उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| सि न | शहिद तथा वेपत्ता व्यक्तिको नाम | भत्ता प्राप्त गर्ने व्यक्तिको नाम | नाता | रकम |
|---|---|---|---|---|
| १ | जोरा सिंह | पदमकला सिंह | भाउजु | २४००० |
| २ | नन्द भण्डारी | पूर्ण बहादुर भण्डारी | दाजु | २४००० |
| ३ | कर्ण बहादुर थापा | लाल बहादुर थापा | भाई | २४००० |
| ४ | जर्मकला शाही | बिष्णु बहादुर शाही | दाजु | २४००० |
| ५ | तेज बहादुर सिंह | रत्न बहादुर सिंह | भतिज | २४००० |
| ६ | धनपती सुनार | सुकिली वि क | बुहारी | २४००० |
| ७ | करे घर्ती | बिमला खत्री | बुहारी | २४००० |
| ८ | पदम बहादुर शाही | रत्न बहादुर शाही | दाजु | २४००० |
| ९ | क्रान्ती शाही | जंग बहादुर शाही | दाजु | २४००० |
| १० | मनपुरा सिंह | टक्क बहादुर सिंह | भाई | २४००० |
| ११ | भक्त विष्ट | मिम बहादुर विष्ट | भाई | २४००० |
| १२ | विष्णु बहादुर विष्ट | दिल बहादुर विष्ट | भाई | २४००० |
| १३ | राई बहादुर सिंह | किट्टीकला सिंह | देवर | २४००० |
| जम्मा | | | | ३१२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१२,००० |

३७ **पेश्की तर्फ**

३७.१ **म्याद नाघेको पेश्की** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछर्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको म्याद नाघेको पेश्की फर्स्योट हुनुपर्ने रु

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | कर्मचारी भए पद | रकम |
|---|---|---|---|---|
| १ | वडा कार्यालय बैठक भत्ता | श्री राजेन्द्र बहादुर थापा | वडा अध्यक्ष | १५०००० |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | श्री राजेन्द्र बहादुर थापा | वडा अध्यक्ष | २५०००० |
| ३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | गणेशमान सिंह | सहायक पाँचौ | १००००० |
| ४ | औषधि खरिद | गणेशमान सिंह | सहायक पाँचौ | २९६००० |
| ५ | पारिश्रमिक कर्मचारी | गणेशमान सिंह | सहायक पाँचौ | ५९२०२ |
| ६ | शिक्षकका लागि तलब भत्ता अनुदान | श्री काजु जन शिक्षा आवासीय आधारभुत विद्यालय | | ४००००० |
| ७ | गोदि पिको हाइड्रो निर्माण | श्री गोदि पिको हाइड्रो निर्माण उ स | | ७००००० |
| ८ | महावै अस्पताल बोटो तथा घेरवार | महावै अस्पताल बाटो तथा घेरवार उ स | | ४००००० |
| ९ | समपुरक कोष | श्री नन्द बहादुर सिंह | | ४००००० |
| १० | करार सेवा पारिश्रमीक | श्री नमराज शाही | | १३८४२९ |
| कुल जम्मा | | | | २८९३६३१ |

| पेश्की | २८,९३,६३१ |
|---|---|

३७.२ **प्रयोजन वेगरको पेश्की** -आर्थिक कार्यविधि तथा वित्तीइ उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की दिने र फस्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । सोही नियमको उपनियम (१) यस नियमावली बमोजिम कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकीन विवरण खुला्इ सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।र उपनियम (२) मा उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ संलग्न विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की दिनु पर्नेछ।पालिकाले देहाय बमोजिमका व्यक्तिलाई प्रयोजन नखुल्ने गरी निवेदन समेत संलग्न नगरी देहाय बमोजिम रु ४५००००। पेश्की दिएको देखिन्छ । उक्त पेश्कीमा नियमानुसार १० प्रतिशत ब्याज गणना गरी असुल हुनुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | रकमप्राप्त गर्ने | रकम | पद |
|---|---|---|---|---|
| ७।२०८०।७।२ | प्रयोजन नखुल्ने | नन्दबहादुर सिंह | ४००००० | उ समिति अध्यक्ष |
| १९।२०८०।१२।०६ | प्रयोजन नखुल्ने | सर्जनबहादुर विष्ट | ५०००० | उ समिति अध्यक्ष |
| जम्मा | | | ४५०००० | |

| सैद्धान्तिक बेरुजु |
|---|

३७.३ **कर्मचारी पेश्की**- आर्थिक कार्यविधि तथा वित्तीइ उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की दिने र फस्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । सोही नियमको उपनियम (१) यस नियमावली बमोजिम कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकीन विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसार कर्मचारीहरुलाई तलब पेश्की दिएको पाइयो ।

| सिनं | कर्मचारीकोनाम | | कैफियत |
|---|---|---|---|
| १ | प्रकाश शाही | ४००००० | तलब पेश्की |
| २ | मलिम रावत | २००००० | तलब पेश्की |
| ३ | कार्तिके सिकर्मी | १००००० | तलब पेश्की |
| ४ | चक्र विश्वकर्मा | ३८१५१७ | तलब पेश्की |
| ५ | गणेशमान सिँह | १९७७७९ | तलब पेश्की |
| ६ | नमराज शाही | ४०००० | करार तर्फ |
| ७ | केदार सिंह | ५७००० | करार तर्फ |
| ८ | कृष्णबहादुर सिँह | १३८९२० | करार तर्फ |
| ९ | रमिता शाही सिंह | ६८००० | करार तर्फ |

यस्तो प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **पदाधिकारी पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी वाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानून बमोजिम बैङ्क जमानत लिनु पर्ने व्यवस्था छ । कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारीलाइ पेश्की दिँदा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था हुन जान्छ । पदाधिकारीलाइ पेश्की दिने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।यसका केहि उदाहरण देहायअनुसार छन् –

| गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३४।२०८०।७।२ | वडा नं ६वडा अध्यक्ष राजेन्द्र बहादुर थापा | ४००००० |
| १२४।२०८०।८।६ | वडा नं ७वडा अध्यक्ष नन्द किशोर चौलागाई | ६०००० |
| १४६।२०८०।९।४ | पालिका अध्यक्ष खेम बहादुर सिँह | ५०००० |
| १४६।२०८०।९।४ | पालिका उपाध्यक्ष दानसिँह सेजुवाल | ५०००० |
| १४८।२०८०।९।१३ | वडा नं २वडा अध्यक्ष हर्क बहादुर सिँह | ८०००० |
| १४८।२०८०।९।१३ | वडा नं ३वडा अध्यक्ष पदम बहादुर सिह | ६०००० |
| १७४।१०।१६ | कार्यपालिका सदस्य शान्ती कुमारी सिंह | ७७२२० |
| २६९।१२।३० | वडा अध्यक्ष शिवराज जैशी | ६०००० |

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

३९ अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश गरेको छैन । बेरुजुको अद्यावधिक स्थिति देहाय अनुसार रहेको छ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १९६१२१००० | ० | ३८७९४४७८ | ० | २३४९१५४७८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : महावै गाउँपालिका, कालिकोट , महावै गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रकाश शाही | २०८०-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मलिम रावत | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,९८१,५०४ | ४,५५४,०८२ | २४,३६५,२६१ | ० | ० | २,८९३,६३१ |
| | | | | **जम्मा बेरुजु रकम** | ३८,७९४,४७८ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ३९,०१० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ०.० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २०७१३७८९९ | चालु खर्च | २१५१८२८१४ |
| प्रदेश सरकारबाट अनुदान | २९४११५४२ | पूँजीगत खर्च | ६३३१८१७३ |
| राजश्व बाँडफाँट | ५८४९५७७३ | वित्तीय/अन्य व्यवस्था | ५३६३३८७२ |
| आन्तरिक आय | २००५९३.० | | |
| अन्य आय | ५३६३३८७२ | | |
| कुल आय | ३४८८७९६७९ | कुल खर्च | ३३२१३४८५९ |
| बाँकी मौज्दात | | १६७४४८२० | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टी |
| २ | विविध जोखिम | विविध |
| ३ | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| ४ | बैक खाता छोरीको कार्यक्रम | बैक खाता छोरीको कार्यक्रम |
| ५ | मुख्यमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ७ | शिक्षा तर्फको वजेट तथा कार्यक्रम | शिक्षा तर्फ |
| ८ | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ९ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| १० | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ११ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| १२ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| १३ | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्य तर्फ |
| १४ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| १५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| १६ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |